# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ९१ | काठमाडौं | बिहीबार, ०७ साउन २०८३ | Prabhab National Daily | Thursday, 23 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# प्रदेश सत्तामा वाम सहकार्यको कसरत

■ जेबी योञ्जन



**काठमाडौं–** करिब दुई वर्षअघि टुटेको वाम सहकार्य फेरि कायम हुने देखिएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालबीच प्रदेश सत्तामा सहकार्यका लागि संवाद भएको छ । दुई नेताबीच मंगलबार भएको झण्डै दुई घण्टा लामो संवादलाई वाम सहकार्यको प्रारम्भिक कदम मानिएको छ ।

संवादपछि जनकपुर पुगेर दाहालले प्रदेशमा सर्वदलीय सरकार गठन गर्नुपर्ने प्रस्ताव ओलीसमक्ष राखेको र त्यसमा ओली सहमत नभएपछि वाम सहकार्यको प्रस्ताव गरेको बताएका थिए । 'पछिल्लो राजनीतिक घटनाक्रमले वाम शक्तिबीच सहकार्यको वातावरण बनेको छ । कांग्रेससँग पनि छलफल चलिरहेको छ,' दाहालले सञ्चारकर्मीहरूसँग बताए ।

कांग्रेस र एमालेका प्रदेश सरकारहरू राजनीतिक असमझदारी बढ्दै जाँदा संकटमा परेका छन् । दुई दलबीच १७ जेठ २०८१ मा भएको सातबुँदे समझदारीअनुसार केन्द्र र प्रदेशमा सत्ता सहकार्य भएको थियो । यतिबेला भने सहकार्य टुटेको छ । यस्तोमा फेरि वाम सहकार्यको वातावरण बन्दै गएको हो ।

नेकपा प्रवक्ता प्रकाश ज्वालाका अनुसार ओली र दाहालबीच प्रदेश सरकार, राजनीतिक स्थायित्व र वामपन्थी दलबीचको सहकार्यबारे विस्तृत कुराकानी भएको थियो । दुई नेता वाम सहकार्यका लागि सकारात्मक बनेको उनी बताउँछन् । 'वर्तमान संविधान, गणतन्त्र पक्षधर तथा देशभक्त शक्तिसँग सहकार्य गर्ने गरी सर्वदलीय गठबन्धन बनाउने प्रस्ताव राखिएको हो,' उनले प्रभावसँग भने, 'तर, यसमा अध्यक्ष कमरेड ओली सकारात्मक हुनुभएन र वाम सहकार्यको मार्गमा अघि बढेका हौं ।'

ओलीको दल एमालेभित्र पनि वाम सहकार्यको पक्षमा आवाज सुनिन थालेको छ । सचिव महेश बस्नेतले वाम सहकार्यका लागि ओली र दाहालको संवादप्रति खुसी प्रकट गरेका छन् । उनले स्टाटसमार्फत थप भने, 'यो सहकार्य प्रदेश सरकार निर्माणमामात्र सीमित नभई मुलुकको हित, राजनीतिक स्थायित्व र कम्युनिस्ट शक्तिहरूबीचको सहकार्यका लागि सकारात्मक पाइला बन्न सकोस् ।'

वामपन्थी दलहरूबीचको सम्बन्ध भने विगतमा पटक-पटक उतारचढावपूर्ण रहँदै आएको छ । एमाले र हालको नेकपाबीच दुईपटक सत्ता सहकार्य भयो । पहिलोपटक ३ जेठ २०७५ मा एकता नै भयो । तर, नेतृत्वबीचको शक्ति संघर्षका कारण त्यो एकता टिक्न सकेन । पछि पार्टी विभाजन भयो । सत्ता गठबन्धन पनि बारम्बार फेरियो ।

२०७९ को निर्वाचनपछि पनि एमाले र माओवादीले सहकार्य गरे । त्यस वर्षको १० पुसमा दुई वाम दलबीच सहकार्य हुँदा सत्ताको नेतृत्व दाहालले सम्हाले । तर, त्यो गठबन्धन पनि लामो समय टिकेन । त्यसपछि दाहालले कांग्रेससँग सत्ता सहकार्य भयो । त्यो पनि त्यति टिकेन । फेरि, दाहालले एमालेसँग समीकरण बनाए । अन्ततः त्यो पनि टुट्यो । दाहालको भनाइमा सँगै स्वर्ग जाने बाचा गरेका ओलीले आफूलाई धोका दिए ।

⏭ क्रमशः पृष्ठ २ मा



वर्तमान संविधान, गणतन्त्र पक्षधर तथा देशभक्त शक्तिसँग सहकार्य गर्नेगरी सर्वदलीय गठबन्धन बनाउने प्रस्ताव राखिएको हो । तर, एमाले अध्यक्ष कमरेड ओली सकारात्मक हुनु भएन र वाम सहकार्यको मार्गमा अघि बढेका हौं ।

■ **प्रकाश ज्वाला**
प्रवक्ता, नेकपा



देशको राजनीतिक परिवर्तनका लागि प्रमुख भूमिका खेलेका वामहरु सहकार्यमा जान जरूरी छ । सहकार्य गर्दै जाँदा भोलि एकतासम्म पुग्न सकिन्छ ।

■ **लेखराज भट्ट**
नेता, नेकपा एमाले

# पार्टीमा उचित ठाउँ माग्दै देउवा समूहको हारगुहार

## राष्ट्रिय भेलाको नाममा दियो २२ दिने अल्टिमेटम

■ प्रभाव संवाददाता

**काठमाडौं–** शेरबहादुर देउवा समूहका नेता पूर्णबहादुर खड्काले नेपाली कांग्रेस एक बनाइराख्ने कि फुटाउने भन्ने विषय अब सभापति गगन थापाको हातमा रहेको बताएका छन् । बिपी स्मृति दिवसका अवसरमा पूर्वसभापति देउवापक्षले बुधबार कमलादीस्थित प्रज्ञा भवनमा आयोजना गरेको कार्यक्रममा खड्काले यस्तो बताएका हुन् ।

पूर्वउपसभापति खड्काले पार्टीको भविष्य निर्धारण गर्ने निर्णय लिने जिम्मेवारी नेतृत्वकै भएको बताएका हुन् । 'यसअघि गिरिजाप्रसाद कोइरालाले फुटेको कांग्रेसलाई मिलाउने ऐतिहासिक निर्णय गर्नुभएको थियो,' खड्काले भने, 'आज पार्टी मिलाउने कि विभाजन गर्ने भन्ने जिम्मा गगनजी, तपाईंको हातमा छ । तपाईंले नचाहँदासम्म पार्टी मिल्न सक्दैन, त्यसैले एकताको निर्णय लिन म आग्रह गर्दछु ।'

संस्थापनइतरले १४औं महाधिवेशनबाट निर्वाचित सबै कार्यसमितिलाई विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिमा अटाउनुपर्ने प्रस्ताव अघि सारेको उल्लेख गर्दै खड्काले आफूहरूले पदको बार्गेनिङ नगरेको दाबी गरे । 'हामीले यसअघि नै सबै पदहरू पाइसकेका छौं, हामीलाई अब कुनै पद चाहिएको छैन,' खड्काले भने, 'हामी अन्तिम क्षणसम्म सहमतिका लागि लागिरहन्छौं । तर, आफ्नो आत्मसम्मान त्यागेर समर्पण गर्न सकिँदैन, बरु त्यसका लागि मर्न तयार छौं ।'

पार्टीका अधिकांश नेताले पार्टी एकता चाहेको उल्लेख गर्दै पार्टीका अर्का नेता प्रकाशमान सिंहले अहिलेका सभापति थापाले पार्टी कब्जा गरेको दाबी गरे । यस्तो अवस्थामा देशभरका कार्यकर्ताको मन बुझेर तत्कालका लागि पार्टी फुटबाट बच्ने समय साउन २९ गतेसम्म रहेको सिंहको भनाइ थियो । राष्ट्रिय भेलाका संयोजकको जिम्मेवारीसमेत पाएका सिंहले अबको भेलाबाट 'वार कि पार' हुने बताए ।

'विशेष महाधिवेशनले पार्टी कब्जा गरेकाले हामी सातै प्रदेशमा भेला गर्दै छौं । त्यसपछि साउन २९ गते काठमाडौंमा राष्ट्रिय भेला हुन्छ । यो हाम्रो थ्रेट होइन, काम गरेर देखाउने हो,' सिंहले भने ।

अघिल्लो कार्यसमितिका प्रवक्तासमेत रहेका नेता डा. प्रकाशशरण महतले विशेष महाधिवेशनमा छुटेकालाई केन्द्रीय समितिमा जोड्न आग्रह गरे । विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित भएका थापाले असोज १६ बाट काठमाडौंमा १५औं महाधिवेशनको तयारी गरेका छन् । उक्त महाधिवेशन निष्पक्ष हुनेमा संस्थापनइतरको शंका रहेको उनको भनाइ थियो । 'हामी पार्टीको बृहत्तर एकता चाहिरहेका छौं । यसका लागि १५औं महाधिवेशन निष्पक्ष हुन जरुरी छ । यसका लागि १४औं महाधिवेशनबाट आएका साथीहरूलाई जोडौं, जो विशेष महाधिवेशनमा छुटेका थिए,' नेता महतले भने ।

त्यस्तै, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले विशेष महाधिवेशनबाट सभापति बनिसकेकाले गगनले अब सबैलाई एक बनाएर लैजान आँट गर्नुपर्ने सुझाव दिएका थिए । 'अझै पनि भन्न चाहन्छौं, तपाईं गगन थापा साहसी बन्नुस्, अकपट बन्नुस् । असंकोच भएर, खुला छाती राखेर मैले जोडें कांग्रेस भन्ने आँट गर्नुस्,' सिटौलाले भने, 'तपाईंलाई जसले रोक्छ त्यसलाई धकेल्नुस्, तपाईंपट्टी आउन नदिनुस् । यति आँट छैन तपाईंमा ?'


अर्का पूर्वमहामन्त्री डा. शशांक कोइरालाले पार्टीलाई एक बनाउने जिम्मा सभापति थापाकै भएको बताए । नभए यसको क्षति थापाले नै ब्यहोर्नुपर्ने कोइरालाको भनाइ थियो । 'अन्यथा पार्टी एकतामा क्षति तथा पार्टी विभाजनको अवस्थामा पुग्यो भने त्यसको राजनीतिक तथा नैतिक जिम्मेवारी वर्तमान नेतृत्वले नै लिनुपर्छ,' कोइरालाले भने ।

⏭ क्रमशः पृष्ठ २ मा



आज पार्टी मिलाउने कि विभाजन गर्ने भन्ने जिम्मा गगनजी तपाईंको हातमा छ । तपाईंले नचाहँदासम्म पार्टी मिल्न सक्दैन, त्यसैले एकताको निर्णय लिन म आग्रह गर्दछु ।

■ **पूर्णबहादुर खड्का**
पूर्वउपसभापति




पार्टी एकतामा क्षति तथा पार्टी विभाजनको अवस्थामा पुग्यो भने त्यसको राजनीतिक तथा नैतिक जिम्मेवारी वर्तमान नेतृत्वले नै लिनुपर्छ ।

■ **डा. शशांक कोइराला**
पूर्वमहामन्त्री



विशेष महाधिवेशनले पार्टी कब्जा गरेकाले हामी सातै प्रदेशमा भेला गर्दै छौं । त्यसपछि साउन २९ गते काठमाडौंमा राष्ट्रिय भेला हुन्छ । यो हाम्रो 'थ्रेट' होइन, काम गरेर देखाउने हो ।

■ **प्रकाशमान सिंह**
पूर्वउपसभापति



नेपाली कांग्रेस हुकुमी शासनको शैलीमा चलिरहेको मैले महसुस गरिरहेको छु । वडा सभापतिहरूलाई विनास्पष्टीकरण अद्यावधिक किन नगराएको भन्ने नाममा निकालिएको छ ।

■ **डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस



तपाईं गगन थापा साहसी बन्नुस्, अकपट बन्नुस् । असंकोच भएर, खुला छाती राखेर मैले जोडें कांग्रेस भन्ने आँट गर्नुस् ।

■ **कृष्णप्रसाद सिटौला**
पूर्वमहामन्त्री

**सन्दर्भः वैदेशिक रोजगार**

# लोकतान्त्रिक एसोसिएसनको अध्यक्ष चुन्ने निर्वाचन अदालतको फैसलापछि

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले अदालतको फैसलापछि मात्र अध्यक्ष पदका लागि निर्वाचन प्रक्रिया अगाडि बढाउने भएको छ ।

गत असार ५ गते सम्पन्न १३औं साधारणसभाबाट निर्वाचित अध्यक्ष रामप्रसाद गैरे अयोग्य ठहर भएपछि रिक्त रहेको छ । अध्यक्षका अर्का प्रत्यासी किशोर कुमार केसीले उच्च अदालत पाटनमा मुद्दा दर्ता गरेपछि एसोसिएसनले उक्त मुद्दाको फैसला कुर्ने निर्णय गरेको हो ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले गत सोमबार एसोसिएसनको काम कारबाही संस्थाको विधानबमोजिम गराउन आदेश दिएको छ । साथै, अध्यक्ष छनोटका लागि संस्थाको विधानबमोजिमको प्रक्रियाबाट निर्वाचन हुने र अदालतबाट कुनै आदेश प्राप्त भए सोहीबमोजिम गर्न भनेकाले अदालतको फैसला पर्खने निर्णय भएको एसोसिएसनका कार्यवाहक अध्यक्ष सुवर्ण लामाले बताए ।

'अदालतले साउन ८ गते बोलाएको छ । अदालतको फैसलापछि मात्र चुनावको मिति तोक्छौं । अदालतले जे निर्णय गरे पनि चुनावचाहिँ हुन्छ । कार्यसमितिको बैठकबाट त्यही निर्णय भएको छ,' काव अध्यक्ष लामाले भने ।

एसोसिएसनको विधानको दफा ७ र ८ बमोजिम गैरे अयोग्य ठहर भएपछि जिल्ला प्रशासन कार्यालयले अध्यक्षका निकटतम उम्मेदवार किशोरकुमार केसीलाई अध्यक्ष तोकेको थियो । यद्यपि, निर्वाचित कार्यसमितिले केसीलाई अध्यक्ष मान्न तयार नभएपछि हाल प्रथम उपाध्यक्ष लामाले कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालिरहेका छन् । केसीपक्ष भने अध्यक्षको जिम्मेवारी तथा असार ५ को निर्वाचनलाई लिएर अदालत गएको छ । केसीले निर्वाचित भएका अध्यक्ष गैरे, सल्लाहकार शंकरप्रसाद आचार्य, प्रथम उपाध्यक्ष लामा र जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाएर मुद्दा हालेको बुझिएको छ ।

एसोसिएसनको विधानको दफा १३ को (४)मा अध्यक्षको पद रिक्त भएमा निर्वाचन प्रक्रियाबाट पदपूर्ति गर्ने प्रावधान रहेको छ ।

"अदालतले साउन ८ गते बोलाएको छ । अदालतको फैसलापछि मात्र चुनावको मिति तोक्छौं ।

■ **सुवर्ण लामा**
कार्यवाहक अध्यक्ष

# अनधिकृतरुपमा सीप परीक्षण गर्ने संस्थामा सिलबन्दी

**काठमाडौं (प्रस)–** सिटिइभिटीबाट सीप प्रशिक्षणको मात्र अनुमति लिएर अनधिकृतरूपमा सीप परीक्षण र प्रमाणीकरण गर्दै आएको इन्डस्ट्री ट्रेनिङ इन्स्टिच्युटमा श्रम मन्त्रालय, शिक्षा मन्त्रालय, सिटिइभिटी र विभागको संयुक्त टोलीले अनुगमनका क्रममा सिलबन्दी गरेको छ ।

युवा, श्रम तथा रोजगार मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) र वैदेशिक रोजगार विभागको संयुक्त अनुगमन टोलीले उक्त संस्थाको निरीक्षण गरी सिलबन्दी गरेको हो ।

⏭ क्रमशः पृष्ठ २ मा

# ठगीको उजुरी अनलाइनमार्फत दिन सकिने

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको नाममा भएको ठगीसम्बन्धी उजुरी अब अनलाइनमार्फत दिन सकिने भएको छ । वैदेशिक रोजगार विभागले उजुरी तथा मुद्दा व्यवस्थापन प्रणालीको शुभारम्भ गर्दै वैदेशिक रोजगारीका नाममा ठगीमा परेको व्यक्तिले प्रमाणसहित अनलाईन माध्यमबाट उजुरी दर्ता गर्नसक्ने जनाएको हो ।

उजुरी व्यवस्थापन प्रणालीको युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले शुभारम्भ गरेका हुन् । उक्त प्रणालीमार्फत वैदेशिक रोजगारीमा पठाउने भनि रकम लिई नपठाएको,तोकिएभन्दा बढी शुल्क लिएको, राहदानी कब्जा गरेको, विदेशमा करार सम्झौताबमोजिमको काम,तलब, सेवा सुविधा नपाएकोलगायतका विषयमा स्वदेश वा विदेशबाट नै पीडित वा निजको परिवारका सदस्यले उजुरी गर्न सक्ने जनाइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा


## भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रूख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरूवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं।
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

# आयुर्वेद सेवालाई थप प्रभावकारी बनाउन छलफल

**काठमाडौं (प्रस)**– आयुर्वेद सेवालाई थप प्रभावकारी बनाउन र स्वास्थ्य प्रणालीसँग एकीकृत गर्ने विषयमा बुधबार उच्चस्तरीय छलफल भएको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको उपस्थितिमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्रको सुधार, सेवा विस्तार तथा नीतिगत व्यवस्थापनका विषयमा छलफल भएको हो। सो क्रममा नेपाललाई आयुर्वेदिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने विषयमा विशेष जोड दिइएको छ।

मन्त्री मेहताले आयुर्वेद तथा वैकल्पिक चिकित्सा सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै नेपाल आयुर्वेदको उद्गमस्थल भएकाले यसको संरक्षण, प्रवर्द्धन र स्वास्थ्य पर्यटनसँग जोडेर विकास गर्नुपर्ने बताएकी छन्। सरकार यस क्षेत्रको विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत सहयोग गर्न प्रतिबद्ध रहेको उनले बताइन्।

पोखरास्थित गण्डकी आयुर्वेद अस्पताल, कीर्तिपुरस्थित आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र र बूढानीलकण्ठस्थित राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग केन्द्रलाई आयुर्वेदिक स्वास्थ्य पर्यटनका प्रमुख केन्द्रका रूपमा विकास गर्ने विषयमा पनि विशेष जोड दिइएको छ।

ती संस्थाहरूको पूर्वाधार, सेवा, विशेषज्ञ जनशक्ति र अन्तर्राष्ट्रियस्तरको वेलनेस सेवाको क्षमता अभिवृद्धि गर्दै नेपाललाई आयुर्वेदिक स्वास्थ्य पर्यटनको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्ने रणनीतिमा मन्त्रालयले काम अघि बढाउने जनाएको छ।

यसका साथै आयुर्वेद सेवालाई स्वास्थ्य बिमा कार्यक्रममा समावेश गर्ने, संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्ने, मन्त्रालयमा आयुर्वेदसम्बन्धी संस्थागत संरचना सुदृढ गर्ने, जडीबुटी उत्पादनदेखि प्रशोधन र औषधि उत्पादनसम्मको मूल्य शृंखला विकास गर्ने तथा विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार उत्पादन प्रणाली सुदृढ गर्ने विषयमा सहभागीहरूले सुझाव दिएका थिए।

पृष्ठ १ बाट क्रमशः

## पार्टीमा उचित...

पार्टीका अर्का नेता मोहन बस्नेतले भने अब पर्खेर बस्न नसक्ने बताए। पार्टीमा तत्कालै देउवाको नेतृत्वमा समानान्तर समिति बनाउनुपर्ने बस्नेतको तर्क थियो। 'देउवाको नेतृत्वमा पार्टी बनाउँ। टोलटोलमा समानान्तर समिति गठन गरौं। अब पर्खेर बस्न हुँदैन। गगनसँग सति जान सकिँदैन,' बस्नेतले भने।

कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले आफूहरूले राष्ट्रिय भेलासम्म कुर्ने र उक्त समयसम्म एकताका लागि पहल नभए नयाँ कार्यदिशामा जाने चेतवनी दिए। 'निर्वाचन आयोग र सर्वोच्च अदालतले हाम्रो पार्टी फुटाएको छ। राष्ट्रिय भेलासम्म हामी कुर्छौं। त्यो बेलासम्म एकता नभए नयाँ कार्यदिशामा जान्छ,' निधिले भने।

कांग्रेसका अर्का नेता डा. शेखर कोइरालाले सभापति थापा हुकुमी शासक बनेको आरोप लगाए। एकताका लागि सभापति थापाले पहल गर्नुपर्ने नभए गम्भीर रूप लिने कोइरालाको भनाई थियो। 'नेपाली कांग्रेस हुकुमी शासनको शैलीमा चलिरहेको मैले महसुस गरिरहेको छु। वडा सभापतिहरूलाई विनास्पष्टीकरण अद्यावधिक किन नगराएको भन्ने नाममा निकालिएको छ,' कोइरालाले भने, 'सभापतिजीले पहल गर्नुभएन र यसले अर्कै रूप लिए सभापतिले नै जिम्मा लिनुपर्छ।'

इतरपक्षले गत पुस मसान्तमा सम्पन्न विशेष महाधिवेशन बहिस्कार गरेका केन्द्रीय समितिका सबै नेताहरूलाई गगन नेतृत्वको केन्द्रीय समितिमा समेट्नुपर्ने माग अघि सार्दै आएको छ। गगन नेतृत्वको कांग्रेसले भने यसलाई अस्विकार गर्दै आएको छ।

पार्टीमा उचित स्थान नदिए नयाँ पार्टी खोल्ने चेतावनी दिँदै आएको संस्थापनइतरले सभापति थापासँग एकताका लागि यसअघि पाँचबुँदे प्रस्ताव अघि सारेको थियो। निवर्तमान प्रचार विभाग प्रमुख मीन विश्वकर्माकाअनुसार पार्टी उपसभापति विश्वप्रकाश शर्मामार्फत देउवापक्षले जेठ १८ गते नै उक्त प्रस्ताव पठाएको हो।

■■■

## प्रदेश सत्तामा...

यसपछि दुई नेताबीच पानी बाराबारको स्थिति थियो। यस्तोमा फेरि दुई नेताबीच संवाद हुन थालेको हो। प्रदेश सरकारमा वाम सहकार्यको वातावरण बन्दै गएको हो। उसो त वाम दलहरूको पछिल्लो निर्वाचन परिणाम पनि अपेक्षाअनुसार आएन। नयाँ राजनीतिक शक्ति रास्वपाको उदयसँगै परम्परागत वाम दलहरू कमजोर बने। यही अवस्थाले पुनः सहकार्यको आवश्यकता महसुस गराएको नेताहरूको बुझाइ छ।

एमालेका नेता लेखराज भट्टले दुई नेताबीच संवाद बढ्नु सकारात्मक भएको बताए। उनले भने, 'देशको राजनीतिक परिवर्तनका लागि प्रमुख भूमिका खेलेका वामहरू सहकार्यमा जान जरुरी छ। सहकार्य गर्दै जाँदा भोलि एकतासम्म पुग्न सकिन्छ।' उनका अनुसार विगतका कमजोरीहरूको समीक्षा गर्दै नयाँ आधारमा सहकार्य अघि बढाउन सकिन्छ।

एमालेभित्रबाट उपाध्यक्ष रामबहादुर थापा, महासचिव शंकर पोखरेल र प्रवक्ता भट्टले पहल गरिरहेका छन्। नेकपातर्फबाट वर्षमान पुन र प्रमेश हमालले संवाद अघि बढाइरहेका छन्। ओली र दाहालबीच यसअघि पनि पटक-पटक भेटवार्ता भएको स्रोतले जनाएको छ। यसपटकको छलफल भने प्रदेश सरकारको समीकरणभन्दा पनि समग्र वाम सहकार्यतर्फ केन्द्रित भएको बताइएको छ।

खासगरी प्रदेश सरकारको बदलिँदो अंकगणित, वाम दलहरूको कमजोर जनमत र नयाँ राजनीतिक शक्ति रास्वपाको उदयले पुराना वाम दलहरूलाई पुनः सहकार्यतर्फ धकेलेको हो। तर, विगतका अनुभवले चुनौती पनि उत्तिकै ठूलो देखाएको छ। ओली र दाहालबीचको सम्बन्धलाई लामो समयदेखि विश्वास र अविश्वासको मिश्रणका रूपमा हेरिँदै आएको छ। दुवै नेताले विगतमा एकअर्कासँग सत्ता सहकार्य गरे पनि पटक-पटक गठबन्धन टुटेको इतिहास छ।

त्यसैले अहिलेको संवादले स्थायी सहकार्यको रूप लिन्छ कि फेरि अस्थायी राजनीतिक समीकरणमै सीमित हुन्छ भन्ने प्रश्न भने अझै खुला छ। यद्यपि, दुवै दलका शीर्ष नेताबीच संवाद सुरु हुनु, प्रदेश सरकारदेखि राष्ट्रिय राजनीतिसम्म सहकार्यको विषयमा खुला छलफल हुनु र सार्वजनिक रूपमा सकारात्मक अभिव्यक्ति आउनु भने वामपन्थी दलहरू फेरि सहकार्यको दिशामा अघि बढ्न खोजेको रूपमा हेरिएको छ।

■■■

## अनधिकृतरूपमा...

विशेषगरी वैदेशिक रोजगारमा जाने श्रमिकहरूलाई लक्षित गरी तोकिएको सर्तविपरीत सीप प्रमाणीकरण प्रमाणपत्र उपलब्ध गराउने गरेको प्राप्त गुनासोका आधारमा कारबाही अघि बढाइएको हो।

अनुगमनका क्रममा उक्त संस्थाले प्रचलित कानुन र सर्तहरूको गम्भीर उल्लंघन गरेकोसमेत देखिएको छ। सीप प्रशिक्षण दिनमात्रै अनुमति पाएको संस्थाले सरकारी निकाय (सिटिइभिटी) लाई मात्र भएको सीप परीक्षण र प्रमाणीकरणको अधिकार अनधिकृतरूपमा प्रयोग गरेको भेटिएको छ। संस्थाले अनुमति लिँदा तोकिएका विधाहरूभन्दा फरक विषयहरूमा पनि तालिम दिने गरेको पाइएको छ।

अनुगमन टोलीले उक्त संस्थाको कार्यालयमा सिलबन्दी गरी आवश्यक कागजात र प्रमाणपत्रहरू अध्ययनका लागि नियन्त्रणमा लिएको छ। अनुगमन टोलीले उपलब्ध गराएका कागजातको अध्ययन अनुसन्धानपश्चात् संस्थामाथि थप कानुनी कारबाही अगाडि बढाइने छ।

■■■

## ठगीको उजुरी ...

उक्त प्रणालीले वैदेशिक रोजगार विभागको मुद्दा तथा उजुरी व्यवस्थापनको कार्यलाई छिटो, छरितो, सरल,सहज र पीडितमैत्री बनाउने, कारबाही प्रक्रियाको अभिलेख व्यवस्थित बनाउने र मुद्दा तथा उजुरीको अवस्थाबारे सम्बन्धित उजुरीकर्तालाई इमेल तथा एसएमएसमार्फत जानकारी दिने भनिएको छ।

विभागका अनुसार अनलाइन प्रणालीको पूर्णकार्यान्वयन भएपछि वैदेशिक रोजगारसम्बन्धी उजुरी ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमा दिन सकिने छ। साथै उजुरीको कारबाही प्रक्रिया पनि सम्बन्धित जिल्लाबाटै हुने हुँदा उजुरीकर्तालाई काठमाडौं धाउन पर्ने बाध्यताकोसमेत अन्त्य हुने बताइएको छ।

विभागका अनुसार जिल्लामा भएका साधारण प्रकारका ठगीका घटना जिल्लामा नै मिलापत्र हुने र मिलापत्र हुन नसकेका तथा गम्भीर प्रकृतिका ठगीका घटनाको अनुसन्धानको कार्यमात्र वैदेशिक रोजगार विभागबाट हुने छ। अनलाइन प्रणालीबाट वैदेशिक रोजगार ठगीका पीडितलाई न्याय दिलाउन, वैदेशिक रोजगारीमा जाने वा गएका कामदारलाई राहत तथा क्षतिपूर्ति दिलाउन एवं अलपत्र परेका कामदारलाई उद्धार गर्न सहज हुने विभागले जनाएको छ।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. २९५५७२८** को **रेमन सफ्ट एण्ड हार्ड ड्रिङ्क सप्लायर्स प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**

**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६८/०२/२५ मा दर्ता भएको **प्रा. लि. नं. ८३७८९** को **निर्वाणा वेलनेस सेन्टर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७०/०३/२८ मा दर्ता भएको **प्रा. लि. नं. ११४०१९** को **ब्रदर्श एसोसियट फ्रेट फरवार्डिङ्ग प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/११/२१ मा दर्ता भएको प्रा.लि.नं.२३५८४७ को **बिजग्रो ट्रेनिङ एण्ड एच आर कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८३/०३/०६ गते का.जि.ता.न.पा.वडा नं.९, मनमैजुमा पार्किङ गरी राखिएको अवस्थामा कालो/निलो रङ्को पल्सर २२० सि.सि. मोटरसाइकल दिनको अन्दाजी २:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**सवारी धनीको नाम : समिर राजबहाक**
**बाइक नं.: बा.प्र.-०२-०६० प १४३८**
**च्यासिस नं.: MD2A13EX75CC84363**
**इन्जिन नं. : DKXCSC28410**
**ठेगाना : मनमैजु, काठमाडौं**
**सम्पर्क नं. ९८४९८२३३१२**

### चेक हराएको सूचना

म रेबिन श्रेष्ठको नाममा रहेको चेक, मिति २०८३ असार २३/२४ गते Laxmi Sunrise Bank, Kumarigal शाखाको खाता नं.148130716120500 को चेक नं.0089329207 भएको चेक काठमाडौं, गौरीघाट एरियाबाट हराएको हुँदा सो चेक पाउनुहुने महानुभावहरूले दुरूपयोग नगरी फिर्ता गरी दिनुहुन विनम्र अनुरोध गर्दछु।

**मोवाइल नं.९७६६३९४८१२**

### टुनिचौर सामुदायिक वन उपभोक्ता समूह, ऐरावती गा.पा.६ प्यूठान काठ दाउरा लिलाम बिक्री सूचना

**सूचना प्रकाशित मिति २०८३।04।07**

डिभिजन वन कार्यालय, प्यूठानको च.न. १४१३ मिति २०८३/०२/२६ गतेको विक्री सहमति अनुसार यस समूहको घाटगद्दीमा भएको खयर जातका ५६७ थान गोलियाको ४२३ । २९ क्यू.फिट काठ लाई १ वटा लट कायम गरि घाटगद्धिमा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नु परेकोले इच्छुक तथा रित पुगेका काष्ठ व्यवसायीले तोकिएको स्थान र निकायबाट २१ दिन भित्र बोलपत्र खरिद गरी २२औं दिनमा दिउसोको ३:०० बजे भित्र बोलपत्र खरिद गरिएकै स्थान र निकायमा सिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ। यसको विस्तृत सूचना उपभोक्ता समूह, डिभिजन वन कार्यालय प्यूठानको सूचना पाटी तथा Website: https://dfopyuthan.lumbini.gov.np तथा अन्य डिजिटल माध्यम बाट समेत लिन सकिने व्यहोरा जानकारी गराइन्छ।

**अध्यक्ष**

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/११/२९ मा दर्ता भएको **प्रा.लि. नं. ३३१७६७** को **एस. आइ. ए. एग्रो टेक कम्पनी प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**

**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस :बकजबचभत्र क्षलतभचलबतष्यलबि इखभचकभबक एखतीतम। इजाजत नम्बरः ४१५/०६०/६१ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन।

| नाम थर | नागरिकता नं. |
|---|---|
| Rajendra Gyawali | 1652/3452 |
| Raj Kumar Budhathoki | 21-01-69-33732 |
| Saddam Ansari | 06-01-74-00690 |
| Saugat Kaduwal | 04-02-72-01194 |
| Sharan Ale | 98626 |
| Bikram Katuwal | 1031-1085 |

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-5929372
9801018169 Khem nath Gautam, Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१

### लक्ष्मी घर ब्वाईज होस्टल प्रा.लि.

### खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना

*प्रकाशन मिति २०८३/०४/०७ गते*

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७९/०२/२७ मा दर्ता भएको प्रा.लि. नं.२९२१३३ रहेको यस **लक्ष्मी घर ब्वाईज होस्टल प्रा.लि.** को शेयरधनीको मिति २०८३/०४/०५ मा बसेको सञ्चालक समितिको विशेष साधरण सभाबाट यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अन्तर्गत रही कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया सुरु गरिएको छ। तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवम् कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ। कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरी बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ।

**लिक्वीडेटरको कार्यालय**
**अधिवक्ता : श्रवण कुमार श्रेष्ठ**
**दामासाही व्यवसायी इजाजतपत्र नं.४०४**
**लिक्वीडेटरको कार्यालय, बबरमहल, काठमाडौं।**

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, ०७ साउन, २०८३**

**मेष** – आज नयाँ कामको थालनीका लागि समय अनुकूल छ। आर्थिक पक्षमा सुधार हुने संकेत देखिन्छ।

**वृष** – पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ। व्यवसाय र जागिरमा गरेका प्रयासले सकारात्मक परिणाम।

**मिथुन** – आत्मविश्वास बढ्ने दिन छ। नयाँ व्यक्तिसँगको भेटले भविष्यमा लाभदायक अवसर ल्याउन सक्छ।

**कर्कट** – कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ। स्वास्थ्यमा सामान्य थकान देखिन सक्ने भएकाले आराममा ध्यान दिनुहोस।

**सिंह** – रोकिएका काम पूरा हुने सम्भावना छ। सामाजिक प्रतिष्ठा बढ्ने र शुभ समाचार प्राप्त हुने योग छ।

**कन्या** – अबौद्धिक कार्यमा सफलता मिल्नेछ। आर्थिक कारोबार गर्दा सोचविचार गरेर निर्णय लिनु उपयुक्त हुनेछ।

**तुला** – दाम्पत्य र प्रेम सम्बन्धमा मिठास बढ्नेछ। सहकार्यबाट राम्रो उपलब्धि प्राप्त हुने सम्भावना छ।

**वृश्चिक** – धैर्य र संयमले चुनौती पार गर्न सकिनेछ। विवादमा नपरी आफ्नो काममा केन्द्रित हुनु लाभदायक हुनेछ।

**धनु** – आर्थिक लाभका अवसर प्राप्त हुन सक्छन्। यात्रा वा नयाँ योजना सफल हुने संकेत देखिन्छ।

**मकर** – मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ। परिवारसँगको समय सुखद रहनेछ र मनमा उत्साह बढ्नेछ।

**कुम्भ** – पुराना काम सम्पन्न र नयाँ अवसर प्राप्त। खर्चमा नियन्त्रण राखे आर्थिक अवस्था सन्तुलित रहनेछ।

**मीन** – मनोकामना पूरा हुने संकेत देखिन्छ। आफन्तको सहयोगले महत्त्वपूर्ण निर्णय लिन सहज हुनेछ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०७ साउन, २०८३ (२३ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५४.०२ | १५४.६२ |
| युरो | १ को | १७६.०३ | १७६.७२ |
| पाउन्ड स्टिर्लङ | १ को | २०७.३२ | २०८.१३ |
| स्विस फ्रैन्क | १ को | १९०.५८ | १९१.३३ |
| अस्ट्रेलियन डलर | १ को | १०७.७८ | १०८.२० |
| क्यानाडियन डलर | १ को | १०९.७७ | ११०.२० |
| सिङगापुर डलर | १ को | ११९.३० | ११९.७६ |
| जापानी येन | १० को | ९.४८ | ९.५२ |
| चिनियाँ युआन | १ को | २२.७६ | २२.८५ |
| साउदी अरब रियाल | १ को | ४१.०१ | ४१.१७ |
| कतारी रियाल | १ को | ४२.२५ | ४२.४२ |
| थाई भाट | ख १ को | ४.५८ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.९३ | ४२.१० |
| मलेसियन रिङेट | १ को | ३७.६३ | ३७.७८ |
| दक्षिण कोरियन वन | १०० को | १०.३९ | १०.४३ |
| स्विडिस क्रोनर | १ को | १५.९४ | १६.०० |
| डेनिस क्रोनर | १ को | २३.५५ | २३.६४ |
| हङकङ डलर | १ को | १९.६४ | १९.७२ |
| कुवेती दिनार | १ को | ५००.७२ | ५०२.६७ |
| बहराइन दिनार | १ को | ४०८.३८ | ४०९.९७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मार्गदर्शन कागजी होइन, व्यवहारमा देखियोस्

हरेक आर्थिक वर्षको सुरुवातसँगै अर्थ मन्त्रालयले बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन जारी गर्ने परिपाटी पुरानै हो । चालु आर्थिक वर्षका लागि पनि मन्त्रालयले सबै मन्त्रालय, आयोग र निकायहरूलाई लक्षित गरी ४७ बुँदे मार्गदर्शन जारी गरेको छ । बजेट तथा कार्यक्रमलाई तोकिएको समयसीमाभित्र कार्यान्वयन गर्ने, पुँजीगत खर्चको प्रभावकारिता बढाउने, स्रोत–साधनको मितव्ययी उपयोग गर्ने र विकास आयोजनाको प्रगति नियमित अनुगमन गर्नेजस्ता विषय मार्गदर्शनमा समेटिएका छन् । बाहिरबाट हेर्दा यी निर्देशनहरू निकै आकर्षक, सन्तुलित र आर्थिक सुधारका दृष्टिले अपरिहार्य देखिन्छन् । तर, विगतको इतिहासलाई हेर्ने हो भने यस्ता मार्गदर्शन हरेक वर्ष आउने तर कार्यान्वयनको पाटो भने जहिल्यै दयानीय रहने नियति दोहोरिँदै आएको छ ।

गत आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थालाई मात्र हेर्ने हो भने पनि हाम्रो सरकारी संयन्त्रको असफलता प्रस्ट हुन्छ । वर्षको अन्त्यसम्ममा पनि आधा पुँजीगत खर्च हुन नसक्नु, असारे विकासको नाममा अन्तिम महिनामा बजेट स्वाहा पार्ने प्रवृत्ति कायम रहनु, र राष्ट्रिय गौरवका आयोजनाहरू वर्षौंसम्म अलपत्र पर्नुले नीति र व्यवहारबीचको ठूलो दूरीलाई छर्लंग पार्छ । लाइन मिनिस्ट्री बजेट इन्फर्मेसन सिस्टम (एलएमबिआइएस) मा समयमै कार्यक्रम अद्यावधिक गर्ने, खरिद योजना सुरुमै बनाउने र कार्यसम्पादनका आधारमामात्र भुक्तानी दिनेजस्ता निर्देशनहरू नयाँ होइनन् । यी व्यवस्था वर्षौंदेखि कागजमा दोहोरिँदै आएका छन्, तर कार्यान्वयन गर्ने निकायमा न नतिजाप्रति उत्तरदायित्व छ, न त असफलतामा कसैलाई जवाफदेही नै बनाइन्छ ।

मार्गदर्शनलाई केवल वार्षिक 'कर्मकाण्ड' वा प्रशासनिक औपचारिकतामा सीमित राख्ने हो भने यसको कुनै औचित्य रहँदैन। बजेट कार्यान्वयनको मुख्य अवरोध मार्गदर्शनको अभाव होइन, बल्कि कार्यान्वयन गर्ने निकाय र नेतृत्वमा इच्छाशक्तिको कमी, फितलो अनुगमन र दण्ड तथा पुरस्कार प्रणालीको अभाव हो । आयोजना प्रमुखहरूको तारन्तार हुने सरुवा, खरिद प्रक्रियामा हुने अनावश्यक ढिलासुस्ती, र विकास निर्माणमा हुने राजनीतिक हस्तक्षेपले बजेटको प्रभावकारितालाई धराशायी बनाएको छ । अर्थ मन्त्रालयले केवल निर्देशन जारी गरेर आफ्नो दायित्व सकिएको ठान्नु हुँदैनह ती निर्देशनको पालना भए–नभएको नियमित र कडाइका साथ अनुगमन गर्ने संयन्त्र खडा गर्नुपर्छ ।

अबका दिनमा बजेट कार्यान्वयनलाई साँच्चिकै प्रभावकारी बनाउने हो भने नीतिगत तहमा केही कठोर कदम चाल्नैपर्छ । तोकिएको समयमा कार्ययोजनाअनुसार काम नगर्ने आयोजना प्रमुख र सम्बन्धित अधिकारीलाई कारबाहीको दायरामा ल्याइनुपर्छ । असारे विकासको धन्दा अन्त्य गर्न पहिलो त्रैमासिकदेखि नै समानुपतिकरूपमा पुँजीगत खर्च हुने वातावरण बनाउनुपर्छ । कागजी मार्गदर्शनले मात्र देशको विकास बजेट खर्च हुन सक्दैन भन्ने पाठ विगतका असफलताहरूले स्पष्ट पारिसकेका छन् । त्यसैले, अर्थ मन्त्रालयको ४७ बुँदे मार्गदर्शनलाई मन्त्रालयका दराज वा नथिङ फाइलमामात्र सीमित नराखी, यसलाई नतिजामुखी कार्यान्वयनको व्यावहारिक मार्गचित्र बनाउनु नै आजको मुख्य आवश्यकता हो ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

**वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः**

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# आत्मनिर्भर अर्थतन्त्रको आधार र घरेलु तथा साना उद्योगको विकास



❑ शोभा गुरुङ

> “ घरेलु तथा साना उद्योगको विकासका लागि सरकार, निजी क्षेत्र, वित्तीय संस्था र उपभोक्ताबीच प्रभावकारी सहकार्य आवश्यक छ । सरकारले उद्योगमैत्री नीति, कर सहुलियत, सहुलियतपूर्ण कर्जा, सरल प्रशासनिक प्रक्रिया, आधुनिक प्रविधि हस्तान्तरण, अनुसन्धान तथा सीप विकास कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । बैंक तथा वित्तीय संस्थाले धितोमा मात्र आधारित नभई व्यवसायको सम्भाव्यता मूल्यांकन गरी सहज ऋण उपलब्ध गराउनुपर्छ । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने राष्ट्रिय नीति बन्नसकेमात्र घरेलु उद्योगले दीर्घकालीन संरक्षण र प्रोत्साहन पाउने छन् ।

नेपालको आर्थिक विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि घरेलु तथा साना उद्योगको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । सीमित पुंजी, स्थानीय स्रोत-साधन, परम्परागत सीप र श्रमको उपयोग गरी सञ्चालन हुने यस्ता उद्योगले रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, ग्रामीण अर्थतन्त्रको सुदृढीकरण तथा विदेशी मुद्रा आर्जनमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् । ठूला उद्योगको तुलनामा कम लगानीमा बढी रोजगारी सिर्जना गर्ने क्षमता भएकाले विकासोन्मुख मुलुकका लागि घरेलु तथा साना उद्योग आर्थिक विकासको बलियो आधार मानिन्छन् । तर नेपालमा यस क्षेत्रले पर्याप्त सम्भावना हुँदाहुँदै पनि नीतिगत अस्थिरता, वित्तीय पहुँचको अभाव, प्रविधिगत कमजोरी, बजार प्रतिस्पर्धा र प्रशासनिक जटिलताजस्ता समस्याका कारण अपेक्षित गति लिनसकेको छैन ।

नेपालमा घरेलु तथा साना उद्योगको इतिहास निकै पुरानो छ । ढाका, हस्तकला, अल्लो, बाँस तथा निगालोका सामग्री, काठ तथा धातुकला, जडीबुटी प्रशोधन, दुग्धजन्य पदार्थ, खाद्य प्रशोधन, माटाका भाँडाकुँडा, प्रस्तरकला तथा अन्य परम्परागत उद्योगहरूले नेपाली समाजको आर्थिक तथा सांस्कृतिक जीवनमा महत्त्वपूर्ण योगदान दिएका छन् । पछिल्लो समय कृषि प्रशोधन, सूचना प्रविधि, ब्युटीपार्लर, महिला उद्यमशीलता र घरेलु उत्पादनमा आधारित साना उद्योगहरूको विस्तार पनि हुँदै गएको छ । यी उद्योगहरू झण्डै ३० प्रतिशत उद्योग महिला नेतृत्वमा सञ्चालित छन् । महिला सशक्तीकरणको मुख्य क्षेत्र भनेकै घरेलु तथा साना उद्योगको प्रवर्द्धन हुन सक्दछ । नेपालमा करिब सात लाख उद्योग सञ्चालनमा रहेका र तिनले करिब ३० लाख व्यक्तिलाई रोजगारी उपलब्ध गराएको अनुमान छ । हस्तकला उद्योगमामात्र १० लाखभन्दा बढी व्यक्ति आबद्ध छन्, जसमा उल्लेखनीय संख्यामा महिला उद्यमी रहेका छन् । यसले घरेलु तथा साना उद्योग आर्थिक गतिविधिको माध्यममात्र नभई समावेशी विकासको आधारसमेत भएको पुष्टि गर्छ ।

घरेलु तथा साना उद्योगले नेपालको कूल गार्हस्थ उत्पादन, रोजगारी र निर्यातमा पनि उल्लेखनीय योगदान दिएका छन् । हस्तकला क्षेत्रबाट मात्र वार्षिक अर्बौं रूपैयाँबराबरको निर्यात हुने गरेको छ भने आन्तरिक बजारमा पनि यसको ठूलो कारोबार रहेको छ । विदेशी पर्यटकहरूले नेपाली हस्तकला, ढाका, मूर्तिकला तथा अन्य स्थानीय उत्पादन उपहारका रूपमा खरिद गर्ने भएकाले विदेशी मुद्रा आर्जनमा समेत यस क्षेत्रको योगदान उल्लेखनीय छ । नेपालको कूल गार्हस्थ उत्पादनमा औद्यागिक क्षेत्रको करिब पाँच प्रतिशत योगदान रहेकामा घरेलु तथा साना उद्योगको हिस्सा झण्डै ९० प्रतिशत रहेको छ । विकसित राष्ट्रहरूको अनुभवले पनि घरेलु तथा साना उद्योगको महत्त्व स्पष्ट पार्छ । उदाहरणका रूपमा जापानको औद्योगिक विकासमा करिब ९३ प्रतिशत योगदान घरेलु तथा साना उद्योग क्षेत्रको रहेको मानिन्छ । यसले नेपालजस्तो मुलुकमा पनि घरेलु उद्योगलाई आर्थिक विकासको मुख्य आधार बनाउन सकिने सम्भावना देखाउँछ ।

## चुनौतीको घेरा

यद्यपि वर्तमान अवस्थामा घरेलु तथा साना उद्योग अनेक समस्याबाट ग्रसित छन् । सबैभन्दा ठूलो समस्या पर्याप्त पुँजीको अभाव हो । अधिकांश उद्यमीले बैंक तथा वित्तीय संस्थाबाट सहजरूपमा ऋण प्राप्त गर्न सक्दैनन् । धितोको अभाव, जटिल प्रक्रिया, उच्च ब्याजदर र कठोर ऋण मापदण्डका कारण धेरै उद्योगी आवश्यक लगानी जुटाउन असफल भइरहेका छन् । सरकारले सहुलियतपूर्ण कर्जाको व्यवस्था गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन । महिला उद्यमशीलताबापत प्रदान गरिने सहुलियत पनि अहिले रोकिएको अवस्था छ । यसले गर्दा नयाँ घरेलु तथा साना उद्योग स्थापना हुन त परै जाओस्, भएकाहरू पनि सीमित उत्पादनमै छन् भने कतिपय उद्योग बन्द हुने अवस्थामा पुगेका छन् ।

प्रविधिको अभाव अर्को प्रमुख चुनौती हो । अधिकांश घरेलु उद्योग अझै परम्परागत उपकरण र उत्पादन प्रणालीमा निर्भर छन् । आधुनिक मेसिन, गुणस्तर परीक्षण, अनुसन्धान तथा नवीन प्रविधिको प्रयोगमा लगानी कम भएकाले उत्पादनको गुणस्तर, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता कमजोर बनेको छ । विश्वबजारमा नयाँ प्रविधि तीव्ररूपमा विकास भइरहे पनि नेपाली उद्यमी त्यसबारे पर्याप्त जानकारी र पहुँचबाट वञ्चित छन् । सरकारी तालिम केन्द्रहरूमा पनि समयानुकूल पाठ्यक्रम र आधुनिक प्रविधिसम्बन्धी ज्ञानको अभाव देखिन्छ । यसले उद्योगहरूको दीर्घकालीन विकासमा नकारात्मक प्रभाव पारेको छ ।

बजार व्यवस्थापन तथा आयातीत वस्तुसँगको असमान प्रतिस्पर्धा पनि गम्भीर समस्या हो । विदेशी उत्पादन ठूलो परिमाणमा कम मूल्यमा नेपाली बजारमा भित्रिँदा स्वदेशी उद्योगका उत्पादन बिक्री गर्न कठिन भइरहेको छ । नेपाली उत्पादनको गुणस्तर राम्रो भए पनि ब्रान्डिङ, प्याकेजिङ, विज्ञापन र बजार विस्तारको कमजोरीका कारण तिनले उचित बजार पाउन सकेका छैनन् । उपभोक्तामा विदेशी वस्तुप्रतिको आकर्षण बढ्दै जाँदा स्थानीय उत्पादन थप दबाबमा परेका छन् । यसले उद्योगको उत्पादन, आम्दानी र रोजगारीमा प्रत्यक्ष असर पारेको छ ।

नीतिगत अस्थिरता र प्रशासनिक झण्झट पनि घरेलु उद्योगको विकासमा बाधक बनेका छन् । सरकार परिवर्तनसँगै उद्योगसम्बन्धी नीति र कार्यक्रम परिवर्तन हुने प्रवृत्तिले लगानीकर्तामा अन्योल सिर्जना गरेको छ । उद्योग दर्ता, नवीकरण, कर प्रशासन तथा विभिन्न अनुमति प्रक्रियाहरू अझै पनि जटिल र समयखर्ची छन् । विभिन्न सरकारी निकायबीच समन्वयको अभावले उद्योग सञ्चालन झन् कठिन बनेको छ । जडीबुटी, वन पैदावार वा प्रस्तर उद्योग सञ्चालनका लागि आवश्यक अनुमति लिन धेरै निकाय धाउनुपर्ने अवस्थाले उद्यमशीलतालाई निरुत्साहित गरेको छ । दक्ष जनशक्तिको अभाव पनि घरेलु तथा साना उद्योगको अर्को चुनौती हो । रोजगारीको खोजीमा युवा ठूलो संख्यामा वैदेशिक रोजगारीमा जानुका कारण उद्योगलाई आवश्यक प्राविधिक तथा दक्ष श्रमिकको अभाव हुँदै गएको छ । सरकारले सीप विकास तालिम सञ्चालन गरे पनि ती तालिम आधुनिक प्रविधि र बजारको मागअनुसार अद्यावधिक हुन सकेका छैनन् । यसले उद्योगमा नवप्रवर्तन, उत्पादन क्षमता र प्रतिस्पर्धात्मकता बढाउन कठिनाइ उत्पन्न गरेको छ ।

कोभिड-१९ महामारी, प्राकृतिक विपत्ति तथा आर्थिक मन्दीले पनि घरेलु उद्योगलाई ठूलो क्षति पुऱ्याएको थियो । हजारौं उद्योग लामो समय बन्द भए, कच्चा पदार्थको मूल्य बढ्यो, यातायात खर्च महँगियो र उपभोक्ताको क्रयशक्ति घट्यो । महामारीपछि पनि धेरै उद्योग पूर्णरूपमा पुनःस्थापित हुनसकेका छैनन् । यसले साना उद्योग संकटप्रति अत्यन्त संवेदनशील हुने भएकाले यिनका लागि विशेष राहत, बिमा तथा संरक्षण संयन्त्र आवश्यक रहेको स्पष्ट पारेको छ । सरकारले २०७१ सालमा ल्याएको स्वदेशी वस्तु खरिद निर्देशिकामा स्वदेशी उत्पादन १५ प्रतिशत महंगो भए पनि खरिद गर्नुपर्ने भनिए पनि तीनै तहका सरकारहरूले आफू मातहतका निकायहरूमा यसलाई अनिवार्य नगर्दा विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न कठिन भएको छ ।

नेपालमा कृषि, जडीबुटी, वन पैदावार, पर्यटन, हस्तकला, ढाका, अल्लो, बहुमूल्य पत्थर तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग विस्तार गर्ने प्रशस्त अवसर छन् । वर्तमान सरकारले सूचना प्रविधिमा जोड दिएअनुसार उद्यमीहरूलाई डिजिटल प्रविधि, सामाजिक सञ्जाल, ई-कमर्स तथा अनलाइन बजारतर्फ अभिमुखीकरण गर्नुपर्ने छ । यसबाट गुणस्तरीय उत्पादन, आधुनिक प्याकेजिङ, प्रभावकारी ब्रान्डिङ र निर्यात प्रवर्द्धनमार्फत नेपाली उत्पादनलाई विश्वबजारमा स्थापित गर्न सकिने सम्भावना बलियो छ ।

## समाधानको बाटो

घरेलु तथा साना उद्योगको विकासका लागि सरकार, निजी क्षेत्र, वित्तीय संस्था र उपभोक्ताबीच प्रभावकारी सहकार्य आवश्यक छ । सरकारले उद्योगमैत्री नीति, कर सहुलियत, सहुलियतपूर्ण कर्जा, सरल प्रशासनिक प्रक्रिया, आधुनिक प्रविधि हस्तान्तरण, अनुसन्धान तथा सीप विकास कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । बैंक तथा वित्तीय संस्थाले धितोमा मात्र आधारित नभई व्यवसायको सम्भाव्यता मूल्यांकन गरी सहज ऋण उपलब्ध गराउनुपर्छ । निजी क्षेत्रले बजार विस्तार, प्रविधि हस्तान्तरण र व्यवस्थापन सुधारमा सहकार्य गर्नुपर्छ भने उपभोक्ताले स्वदेशी उत्पादनप्रति विश्वास र प्राथमिकता दिनुपर्छ । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने राष्ट्रिय नीति बन्नसकेमात्र घरेलु उद्योगले दीर्घकालीन संरक्षण र प्रोत्साहन पाउने छन् ।

घरेलु तथा साना उद्योग नेपालको आत्मनिर्भर अर्थतन्त्र निर्माण, दिगो विकास, रोजगारी विस्तार र समावेशी समृद्धिका आधारस्तम्भ हुन् । सरकारको सात प्रतिशतले आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य पूरा गर्न पनि यी उद्योगको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ । कतिपय घरेलु तथा साना उद्योगहरूबाट उत्पादित सामान विदेशमा पनि निर्यात हुने गर्दछ तर विगत दुई वर्षदेखि त्यस्त सामग्रीहरूमा उपलब्ध अनुदानलगायतका सहुलियत रोकिएको अवस्था छ । कसर प्रणालीमा पनि घरेलु तथा साना उद्योगलाई विशेष संरक्षणको खाँच पर्दछ । त्यसैले घोषणामुखी कार्यक्रमभन्दा कार्यान्वयनमुखी नीति, आधुनिक प्रविधि, सहज वित्तीय पहुँच, दक्ष जनशक्ति विकास, बजार प्रवर्द्धन र स्वदेशी उत्पादनप्रतिको सकारात्मक उपभोक्ता संस्कारलाई प्राथमिकता दिन आवश्यक छ । घरेलु तथा साना उद्योगलाई विकासको केन्द्रमा राख्नसके गाउँमा रोजगारी बढ्ने, आयातमा निर्भरता घट्ने, स्थानीय स्रोत-साधनको अधिकतम् उपयोग हुने र नेपालको अर्थतन्त्र आत्मनिर्भरताको दिशामा सुदृढरूपमा अघि बढ्ने छ ।

*(नेपाल घरेलु तथा साना उद्योग महासंघकी अध्यक्ष गुरुङसँग राससले गरेको कुराकानीमा आधारित)*

## पाठक मञ्च

# समता कर खारेजी: नीति निर्माणमा परिपक्वता खोइ ?

हालै सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाउन खोजिएको तीन प्रतिशत 'समता कर' चौतर्फी विरोधपछि फिर्ता लिने निर्णय गरेको समाचार पढेपछि यो पाठकपत्र लेख्न बाध्य भएको छु । सरकारले जनभावनाको कदर गर्दै, नागरिकको विरोधलाई स्वीकारेर कर फिर्ता लिने जुन निर्णय गरेको छ, त्यो स्वागतयोग्य छ । तर, यो सिंगो प्रकरणले हाम्रो राज्य संयन्त्र, बजेट निर्माण प्रक्रिया र सरकार सञ्चालन गर्ने नेतृत्वको गम्भीर अपरिपक्वतालाई भने छताछुल्ल पारेको छ ।

नेपालको संविधानले नै शिक्षा र स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ । तर विडम्बना, राज्यले सरकारी विद्यालय र अस्पतालहरूको गुणस्तर सुधार्न नसक्दा सामान्य तथा मध्यमवर्गीय नागरिकहरू आफ्ना बालबालिकालाई निजी विद्यालयमा पढाउन र बिरामी पर्दा निजी अस्पताल धाउन बाध्य छन् । निजी क्षेत्रलाई रोज्नु धेरैजसो नेपालीका लागि कुनै 'विलासिता' वा 'शौख' होइन, बरु सरकारी संयन्त्रप्रतिको अविश्वास र बाध्यताको उपज हो । यस्तो अवस्थामा जेठ १५ को बजेटमार्फत निजी शिक्षा र स्वास्थ्य सेवामा तीन प्रतिशत अतिरिक्त शुल्क थप्नु आफैंमा जनविरोधी र अवैज्ञानिक कदम थियो ।

सरकारको भनाइअनुसार दुर्गम क्षेत्रमा शिक्षा र स्वास्थ्यको पहुँच पुऱ्याउन, दलित, सीमान्तकृत तथा विपन्न बालबालिकालाई छात्रवृत्ति दिन र स्वास्थ्य बिमाको पहुँच विस्तार गर्न यो कर ल्याइएको थियो । उद्देश्य आफैंमा नराम्रो नभए पनि त्यसका लागि अपनाइएको बाटो सर्वथा गलत थियो । राज्यको दायित्व र कल्याणकारी योजनाको भार सीधै मध्यमवर्गीय नागरिकको ढाड सेक्नेगरी थप्नु न्यायसंगत थिएन । प्याब्सन, एनप्याब्सन, हिसान, अपेनजस्ता सरोकारवाला संस्थाहरू र आमनागरिकले असारको अन्तिमसम्म यसको सशक्त विरोध गर्नु स्वाभाविक नै थियो ।

यस प्रकरणले सरकारभित्रको आन्तरिक असमझदारी र अपारदर्शी कार्यशैलीलाई पनि उजागर गरेको छ । बजेट निर्माणका क्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको जोडबलमा ल्याइएको भनिएको यो करप्रति सुरुदेखि नै प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयको असन्तुष्टि रहेको कुरा सञ्चारमाध्यममा आयो । संसद्का दुवै सदनबाट विधेयक पारित भई राष्ट्रपतिबाट लालमोहर लागिसकेर राजपत्रमा प्रकाशित भइसकेको ऐनलाई पछि आएर फेसबुक स्टाटसमार्फत खारेज गर्ने घोषणा गर्नु कति परिपक्व शैली हो ? आर्थिक विधेयकका दफा ५ र ६ अनुसार करको दर परिवर्तन गर्दा संसद्लाई जानकारी गराउने र राजपत्रमा सूचना प्रकाशित गर्ने कानुनी बाटो त छ, तर नीतिगत निर्णयमा सरकारभित्रै सहमति र दूरदर्शिता नहुँदा बारम्बार यस्ता निर्णयहरू उल्टिने गरेका छन् ।

यदि प्रधानमन्त्री र अर्थमन्त्रीबीच बजेट ल्याउनुअघि नै घनीभूत छलफल भएको भए, सर्वसाधारण र सरोकारवालाहरूसँग पूर्वपरामर्श गरिएको भए आज सरकारले यसरी निर्णय फिर्ता लिएर नैतिक दबाबमा पर्नुपर्ने थिएन । सरकारमा रहेका दलहरूभित्रको आन्तरिक खिचातानी र कार्यशैलीका कारण उत्पन्न हुने यस्ता अन्योलले आमनागरिकमा निराशामात्र बढाउँछ ।

प्रतिपक्षी दलका नेता गगन थापाले भनेझैं, शिक्षा र स्वास्थ्य कुनै विलासिताका वस्तु होइनन् । सरकारले फिर्ता लिएको यो निर्णयलाई अब रीतपूर्वक कानुनी र प्रशासनिक प्रक्रिया पूरा गरेर राजपत्रमा सूचना प्रकाशित गरी पूर्णरूपमा कार्यान्वयनमा लैजानुपर्छ ।

अन्त्यमा, नागरिकका माग र गुनासा सुन्नु र गल्ती सच्याउनु लोकतान्त्रिक सरकारको राम्रो लक्षण हो । तर, सरकार केवल निर्णय गर्ने र चौतर्फी विरोध भएपछि फिर्ता लिने 'परीक्षण र त्रुटि' को ढाँचामा चल्नु हुँदैन । भविष्यमा बजेट तथा नीति-कार्यक्रम निर्माण गर्दा नागरिकको क्रयशक्ति, व्यावहारिक धरातल र दूरगामी असरको गम्भीर अध्ययन गरेरमात्र निर्णय गरियोस् ।

**रमेश अधिकारी**
सानोठिमी, भक्तपुर



**सिलौटो बनाउँदै** | पोखराको न्युरोडमा ढुंगा कुँदेर सिलौटो बनाउँदै धनुषाकी गुञ्जादेवी थवई । *तस्बिरः रासस*

# अन्नपूर्ण क्षेत्रमा लेक लागेर २५ पर्यटकको मृत्यु

**गण्डकी–** गत आर्थिक वर्ष २०८२/८३ मा अन्नपूर्ण पदमार्गमा पुगेकामध्ये २५ जना पर्यटकको लेक लागेर मृत्यु भएको छ । उक्त मार्गमा भ्रमणका लागि निस्किएका १२ जना नेपाली, नौ जना भारतीय र जापान, मेक्सिको, स्पेन र सिंगापुरका क्रमशः एक-एक जना गरी २५ व्यक्तिको मृत्यु भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ ।

मुस्ताङमा १५, मनाङमा आठ, अन्नपूर्ण आधार शिविरमा एक र मर्दी हिमालमा एक जनाको मृत्यु भएको हो । मृत्यु भएका नेपालीमध्ये चार जना पथप्रदर्शक र भरिया रहेको आयोजना प्रमुख डा. रविन कडरियाले जानकारी दिए ।

पदत्रायाका क्रममा लडेर र अन्य दुर्घटनाका कारण सोही अवधिमा पाँच जना पर्यटकले ज्यान गुमाएका छन् । भारतीय पर्यटकको मनाङको पदयात्राका क्रममा भारी हिमपात हुँदा मृत्यु भएको थियो । एक जना अस्ट्रेलियन पर्यटकको मनाङको हिमलुङ हिमाल चढेर फर्कने क्रममा ज्यान गएको हो । मर्दी हिमालको पदयात्राका क्रममा एक जना नेपाली पदयात्री र जर्मनी नागरिकको म्याग्दीको खोप्रा लेकमा पदयात्राका क्रममा मुत्यु भएको थियो । लेक लाग्ने घटना मुस्ताङ र मनाङको उपल्लो भेगमा हुने गरेका छन् । आव २०८०/८१ मा २१ र आव २०८१/०८२ मा १९ जना पर्यटकको लेक लागेर मृत्यु भएको थियो ।

सडकमार्ग भएर मुक्तिनाथ दर्शनका लागि जाने नेपाली र भारतीय पर्यटकमा लेक लाग्ने समस्या बढी देखिने गरेको आयोजना प्रमुख डा. कडरियाले बताए । 'हिमाली तथा उच्च पहाडी भेगको यात्रामा जाँदा एकैपटकमा धेरै उचाइमा पुग्न हुँदैन, विश्राम लिँदै जानुपर्छ,' उनले भने, 'लेक लागेको लक्षण अनुभव भएमा तत्कालै कम उचाइ भएको ठाउँमा फर्किहाल्नुपर्छ ।' पदयात्रामा लडेर मृत्यु हुने गरेका घटना बर्सेनि दोहोरिने गरेका छन् । लामो दूरीको पदयात्रामा निस्कँदा एक्लै नगई समूहमा या पथप्रदर्शक लिएर जानुपर्छ ।

कम उचाइ भएको ठाउँबाट गाडीमा एकैपटकमा मुक्तिनाथलगायत उच्च भेगमा पुग्दा लेक लाग्ने समस्या देखिने गरेको छ । स्थानीय हावापानीसँग अनुकूलन हुँदै विश्राम लिँदै यात्रा गर्नु नै लेक लाग्ने समस्याबाट बच्ने उत्तम उपाय रहेको पथप्रदर्शक दिवस गुरुङले बताए । पदयात्रा गर्ने पर्यटकलाई एक दिनमा ५०० भन्दाबढीको उचाइ पार नगर्न सुझाव दिए । *रासस*

# बर्थिङ सेन्टरमार्फत सुत्केरी सेवा लिने बढ्दै

**नेपालगञ्ज–** बाँकेको दुर्गम मानिने र स्वास्थ्य सेवाको न्यून पहुँच रहेको नरैनापुर गाउँपालिकामा बर्थिङ सेन्टरमार्फत सुत्केरी सेवा लिने महिलाको संख्या बढ्दै गएको छ ।

केही समयअघिसम्म घरमै सुत्केरी गराउने महिला अहिले गाउँमै स्थापना गरिएका बर्थिङ सेन्टरमा पुगेर सुत्केरी सेवा लिन थालेको गाउँपालिकाले जनाएको छ । नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले केही वर्षपहिलेसम्म नरैनापुरका अधिकांश महिलाले घरमै सुत्केरी गराउँदै आएकोमा अस्पताल जानुपर्दा सीमापारि भारतका अस्पताल वा नेपालगञ्जस्थित भेरी अस्पताल पुग्नुपर्ने बाध्यताको अन्त्य भएको बताए ।

उनले गणतन्त्र स्थापनापछि दुर्गम र पिछडिएको नरैनापुरमा कालोपत्रे सडक र विद्युत्सँगै स्वास्थ्य सेवाको पहुँच पनि बढेर बर्थिङ सेन्टरहरू सञ्चालन गरिएपछि महिला ती सेन्टरमा पुग्न थालेको उल्लेख गरे ।

एम्बुलेन्ससमेत नरहेको सो पालिकामा अहिले विभिन्न वडामा स्वास्थ्य केन्द्र तथा बर्थिङ सेन्टर सञ्चालनमा आएका छन् । 'कुनै बेला प्रसूति सेवाका लागि करिब ५० किलोमिटर टाढा नेपालगञ्जका अस्पताल पुग्नुपर्ने बाध्यता थियो तर अहिले त वडावडामै सञ्चालन गरिएका बर्थिङ सेन्टरमा सुत्केरी सेवा उपलब्ध छ,' उनले भने ।

नरैनापुर गाउँपालिकामा सञ्चालनमा ल्याइएका बर्थिङ सेन्टरमार्फत चालु आर्थिक वर्ष २०८२/८३ मा एक हजार १५१ जना महिलाले सुरक्षित सुत्केरी सेवा पाएको पालिकाको स्वास्थ्य शाखाले जनाएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा एक हजार १२३ जना महिलाले सुरक्षित सुत्केरी सेवा लिएकोमा चालु आर्थिक वर्षमा सो संख्यामा वृद्धि भएको छ ।

स्वास्थ्य शाखा प्रमुख नगेन्द्रकुमार शाहले घरमै अधिकांश सुत्केरी गराउने र अस्पताल जान नमान्नेहरूले पछिल्लो समय धमाधम बर्थिङ सेन्टरमा पुगेर सेवा लिन थालेको बताए । उनले नरैनापुरको वडा नम्बर १ देखि ६ सम्मका छ वटा बर्थिङ सेन्टरमा चौबीसै घण्टा सञ्चालन भइरहेको प्रसूति सेवाबाट सो क्षेत्रका महिला लाभान्वित भइरहेको जानकारी दिए ।

स्वास्थ्य शाखा प्रमुख शाहका अनुसार प्रशिक्षित जनशक्ति र निःशुल्क एम्बुलेन्स सेवामार्फत सुरक्षित सुत्केरी सेवा दिइँदै आएको छ । उनले तालिमप्राप्त जनशक्तिबाट चौबीसै घण्टा प्रसूति सेवा दिएको उल्लेख गर्दै बर्थिङ सेन्टरसम्म ल्याउन निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिएको बताए ।

नरैनापुरमा चालु आवमा वडा नम्बर १ मा १८६, वडा नम्बर २ मा १७४, वडा नम्बर ३ मा १०१, वडा नम्बर ४ मा २५४, वडा नम्बर ५ मा २८६ र वडा नम्बर ६ मा १५३ जना महिलाले सेवा लिएको स्वास्थ्य शाखाले जनाएको छ । *रासस*

# 'डिजिटल' पहिचान प्रणालीप्रति नागरिकको आकर्षण बढ्दै



**सुदूरपश्चिम–** 'डिजिटल' पहिचान प्रणालीप्रति नागरिकको आकर्षण बढ्दै जाँदा कैलालीमा गत आर्थिक वर्ष राष्ट्रिय परिचयपत्रका लागि ७९ हजारभन्दा बढी नागरिकको विवरण संकलन भएको छ ।

जिल्ला प्रशासन कार्यालय कैलालीको आव २०८२/८३ को वार्षिक प्रगति विवरणअनुसार ७९ हजार ५६१ जनाको राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गरिएको थियो । तीमध्ये ३६ हजार २० वटा परिचयपत्र छपाइ भएर कार्यालयमा आए पनि चार हजार ७४० सेवाग्राही परिचयपत्र बुझ्न आएको स्थानीय प्रशासन शाखा प्रमुख राममूर्ति सिंहले जानकारी दिए ।

दर्ता अभिलेख विवरण र परिचयपत्र नम्बर भएको डिजिटल कागजका आधारमा पनि आवश्यक काम गर्न सकिने भएकाले सेवाग्राही छफाइ भएका परिचयपत्र लिन समयमै नआएको हुनसक्ने उनको भनाइ छ ।

त्यसैगरी गत आवमा कार्यालयले वंशजका आधारमा १० हजार ९८ जनालाई नागरिकता प्रदान गरेको छ । यस अवधिमा ५० जनाले अंगीकृत, १७ जनाले वैवाहिक अंगीकृत तथा १२ जनाले गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेका छन् । कार्यालयले नौ हजार ९२५ जनालाई नागरिकताको प्रतिलिपि र २२३ बालबालिकालाई नाबालक परिचयपत्रसमेत वितरण गरेको जनाएको छ ।

राहदानी सेवातर्फ सात हजार ५४ आवेदन दर्ता भएकामा तीमध्ये छ हजार ७८० वटा राहदानी छपाइ भएर आएको र छ हजार ४३८ वटा वितरण गरिएको छ । राहदानी शुल्कबाटमात्रै तीन करोड ६६ लाख ५१ हजार रूपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ ।

यसैगरी कार्यालयमा गत आव सार्वजनिक, जुवातास, खाद्यसम्बन्धी तथा सवारी दुर्घटना क्षतिपूर्तिसहित १९८ वटा नयाँ मुद्दा दर्ता भएका थिए । तीमध्ये १०८ मुद्दा फर्स्योट भएका छन् । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका १९७ मुद्दामध्ये ५२ टुंग्याइएको कार्यालयले जनाएको छ । संघसंस्था प्रशासनतर्फ ६८ नयाँ संस्था दर्ता, ४९८ संस्थाको नवीकरण, एउटा शाखा विस्तार, ७८ वटा हतियार नवीकरण तथा तीनवटा नयाँ छापाखाना दर्ता गरिएको छ । द्वन्द्वपीडित राहत कार्यक्रमअन्तर्गत २२ जना घाइते तथा अपांगता भएका व्यक्तिलाई २८ लाख २० हजार रूपैयाँ राहत वितरण गरिएको छ भने जनआन्दोलन २०६२/६३ का सहिद परिवारलाई मासिक आर्थिक सहायता उपलब्ध गराइएको शाखा प्रमुख सिंहले बताए ।

आर्थिक वर्षभर राहदानी शुल्क, कम्पनी दर्ता, प्रशासनिक दण्ड-जरिवाना, हातहतियार इजाजत, धरौटी सदरस्याहा तथा अन्य सेवा शुल्कबाट कार्यालयले कूल चार करोड ६६ लाख १७ हजार रूपैयाँ राजस्व संकलन गरेको जनाइएको छ । *रासस*

# अतिक्रमित वनक्षेत्रको संरचना हटाइयो

**जनकपुरधाम–** डिभिजन वन कार्यालय लहान सिरहाले जिल्लाको विभिन्न वन क्षेत्रमा अतिक्रमण गरी बनाएका संरचना हटाएको छ । जिल्लाको गोलबजार नगरपालिकास्थित चोहर्वा ब्यारेक नजिकै वन क्षेत्र अतिक्रमण गरेर बनाइएको संरचना हटाइएको कार्यालय प्रमुख बेचन चौधरीले जानकारी दिए ।

यस्तै बलान सामुदायिक वन क्षेत्रको जग्गा अतिक्रमण गरेर खनजोत गरेर खेती गरिरहेको जग्गा खाली गराएको प्रमुख चौधरीले बताए । सो कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा वन संरक्षण, जैविक विविधता प्रवर्द्धन, सार्वजनिक स्थलको सौन्दर्यीकरण तथा वन पैदावारको चोरी तस्करी नियन्त्रणका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेको छ ।

कार्यालय प्रमुख चौधरीका अनुसार सिरहाको नवराजपुर गाउँपालिकास्थित सोनबर्षा विद्यालय परिसरमा १६ लाख रूपैयाँको लागतमा 'हिरत पार्क' निर्माण गरिएको छ । पार्कमा घेराबार, राष्ट्रिय झण्डा राख्ने संरचना, पदमार्ग तथा विद्यार्थीलाई खेलकुदका लागि खुला स्थान निर्माण गरिएको प्रमुख चौधरीले बताए ।

यसैगरी धनगढीमाई नगरपालिकाको तिनकोनीस्थित पोखरी २४ लाख रूपैयाँको लागतमा संरक्षण तथा सौन्दर्यीकरण गरिएको छ । सो योजनाअन्तर्गत पोखरीमा घाट निर्माण तथा वरपरको क्षेत्र व्यवस्थित बनाइएको प्रमुखको भनाइ छ । उनका अनुसार धनगढीमाई मन्दिर परिसरमा चार लाख रूपैयाँको लागतमा पार्क निर्माण गर्नुको साथै जिरोमाइलस्थित पार्क तीन लाख ६० हजार रूपैयाँको लागतमा मर्मत गरिएको छ । वन क्षेत्रको संरक्षणका लागि बलानमाई सामुदायिक वन, सुबेदार चौरी सामुदायिक वन तथा बलान खोला सन्यासी सामुदायिक वनमा वृक्षरोपण गरिएको छ ।

झ्वाई खोल्सी सामुदायिक वन र राजदेवी चुरे सामुदायिक वनमा सिमसार संरक्षणका कार्यक्रम सञ्चालन गरिएका छन् । मुतनी खोला सामुदायिक वनलाई प्रांगारिक मल उत्पादनका लागि अनुदानसमेत उपलब्ध गराइएको प्रमुख चौधरीले बताए । कार्यालयले वन पैदावारको अवैध कटानी तथा ओसारपसार नियन्त्रणका लागि नियमित गस्तीलाई निरन्तरता दिएको जनाएको छ ।

सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार आर्थिक वर्ष २०८२/८३ मा ९० क्युफिट चिरान काठ र १३० क्युफिट गोलिया काठ बरामद गरिएको छ । वन पैदावार चोरी तस्करीमा संलग्न तीन जनालाई पक्राउ गरी कानुनी कारबाही अघि बढाइएको उनले जानकारी दिए । चुरे क्षेत्रबाट हुने ढुंगा, गिट्टी र बालुवाको अवैध उत्खनन तथा ओसारपसार नियन्त्रणका लागि पनि नियमित अनुगमन तथा गस्ती सञ्चालन चोरी तस्करीमा कमी आएको सूचना अधिकारी चौधरीले बताए । *रासस*


**साउदीमा रोजगार** — कम्पनी : GHUNYAH KHAMIS ALMAZMUMI ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 345244 | चलानी नं. ६०२५८५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ७३,८५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656, 980102050, Pokhara Branch: 9846325187
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**मलेसियामा रोजगार** — कम्पनी : HI-Q GLOBAL SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345221 | चलानी नं. ६०२५८५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 10 | 0 | 1700 | ६३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R. A. International Employment Agency Pvt Ltd
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम ईजाजत नं. १४०४/०७४/०७५

**कुवेतमा रोजगार** — कम्पनी : BRUSH SALON FOR LADIES BEAUTY COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 345298 | चलानी नं. ६०२५८५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician /Hairdresser | 0 | 8 | 150 | ७४,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 0 | 10 | 130 | ६४,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9706659209 (Narayan Bhattarai)
श्रम ईजाजत नं. ९१५/०६७/६८

**युएइमा रोजगार** — कम्पनी : BAYT AL AMAN CLEANING SERVICE

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 322565 | चलानी नं. ६०२२३६६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 14 | 0 | 900 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | TILE LAYER. | 12 | 0 | 1200 | ५०,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd.
Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

**युएइमा रोजगार** — कम्पनी : NATIONAL CATERING COMPANY LIMITED-WLL

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345193 | चलानी नं. ६०२५८५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (MALE) | 100 | 0 | 1000 | ४१,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 0 | 20 | 1200 | ५०,३६० | | | | | | | |
| 3 | Waiter (General) | 50 | 0 | 1200 | ५०,३६० | | | | | | | |
| 4 | Waitress | 0 | 20 | 1200 | ५०,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

**कतारमा रोजगार** — कम्पनी : GENTING SERVICES AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 318686 | चलानी नं. ६०२३३७९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ७१,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GEN.CLEAN.WORKER | 1 | 10 | 1000 | ४२,२२० | | | | | | | |
| 3 | Labour | 2 | 1 | 1000 | ४२,२२० | | | | | | | |
| 4 | Mason (Nepal) | 2 | 0 | 2500 | १०५,५५० | | | | | | | |
| 5 | Receptionist | 0 | 1 | 1300 | ५४,८८५ | | | | | | | |
| 6 | Representative | 1 | 0 | 2500 | १०५,५५० | | | | | | | |
| 7 | Represenṭive | 1 | 0 | 2500 | १०५,५५० | | | | | | | |
| 8 | Supervisor | 1 | 2 | 3500 | १४७,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३२८/०७४/७५
EXCELLENT MANPOWER SERVICES PVT.LTD.
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np

**कुवेतमा रोजगार** — कम्पनी : IEQ TECHNOLOGIES FOR PUBLIC FACILITIES MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 344400 | चलानी नं. ६०२५८५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 5 | 0 | 85 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAFIR INTERNATIONAL HOTEL MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 345315 | चलानी नं. ६०२५८५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Banquet Supervisor | 1 | 0 | 180 | ८९,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaning Supervisor | 6 | 0 | 160 | ७९,५२५ | | | | | | | |
| 3 | Cook (Chef) | 10 | 0 | 150 | ७४,५६५ | | | | | | | |
| 4 | Heavy Driver/driver | 8 | 0 | 160 | ७९,५२५ | | | | | | | |
| 5 | Indoor Cleaner | 135 | 12 | 85 | ४२,२५५ | | | | | | | |
| 6 | Messenger/reporter | 75 | 0 | 120 | ५९,६५५ | | | | | | | |
| 7 | Security Guard/guard | 20 | 0 | 130 | ६४,६२५ | | | | | | | |
| 8 | Steward | 30 | 0 | 120 | ५९,६५५ | | | | | | | |
| 9 | Store Porter (Ordinary Labour) | 3 | 0 | 100 | ४९,७१० | | | | | | | |
| 10 | Tea Boy | 60 | 0 | 110 | ५४,६८० | | | | | | | |
| 11 | Waiter | 50 | 0 | 120 | ५९,६५५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ ।
फेवा इन्टरनेशनल ट्रेनिङ सेन्टर प्रा.लि., जनकपुरधाम वार्ड नं.७ मा मिति : २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9827674443 , 982-7644060
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

# प्रभाव दैनिक

बिहीबार, ०७ साउन २०८३ (Thursday, 23 July 2026)


रूपशाला

### 'अक्षरा'को डिजिटल अधिकार बिक्यो

विनयराज पौडेलको निर्देशनमा बनेको चलचित्र 'अक्षरा'को सम्पूर्ण डिजिटल अधिकार मुभिज डिजिटेनमेन्टले खरिद गरेको छ। सम्झौताअनुसार अब यस फिल्मका सम्पूर्ण डिजिटल सामग्रीहरू मुभिज डिजिटेनमेन्टमार्फत सार्वजनिक हुनेछन्। फिल्मको निर्माण पक्ष र डिजिटल कम्पनीका प्रतिनिधिहरू प्रदीप धामी, पुष्कर शर्मा घिमिरे तथा आशिष तामाङबीच औपचारिक कागजी सम्झौता सम्पन्न भएको हो। निर्देशक पौडेलका अनुसार चलचित्रको युट्युब प्रतिलिपि अधिकार बिक्री भइसकेको छ। आगामी भदौ २६ गतेदेखि देशभरका सिनेमाघरमा प्रदर्शनको तयारीमा रहेको यस फिल्मको बजारमा राम्रो चर्चा छ।



# चीनमा नेपाल एभरेस्ट फिल्म फेस्टिभलका विजेता सम्मानित

## दीपकराज र मिरुनालाई एक-एक हजार डलरसहित अवार्ड

■ प्रभाव संवाददाता




**काठमाडौं–** चीनको हुनान प्रान्तस्थित छाङ्सामा गत अप्रिल १४ देखि १९ सम्म सम्पन्न 'नेपाल एभरेस्ट फिल्म फेस्टिभल' (नेपाली चलचित्र सप्ताह) का उत्कृष्ट चलचित्र, कलाकार तथा प्राविधिकलाई काठमाडौंमा आयोजित विशेष समारोहबीच नगद पुरस्कारसहित अवार्ड प्रदान गरिएको छ।

नेपाल चलचित्र विकास बोर्डको सहकार्यमा आयोजित कार्यक्रममा चीनबाट आएको ८ सदस्यीय प्रतिनिधिमण्डल, नेपाली चलचित्र क्षेत्रका वरिष्ठ कलाकार, निर्देशक, निर्माता, प्राविधिक तथा सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

चीनका प्राध्यापक, चलचित्र विज्ञ तथा फिल्म कलेजका विद्यार्थीहरूको टोलीले डा. सिमोन किउ (म्च. क्क्यल त्तष्ग) को संयोजकत्वमा गरेको मूल्याङ्कनका आधारमा विभिन्न विधाका उत्कृष्ट स्रष्टा छनोट गरिएको आयोजकले जनाएको छ।

उत्कृष्ट चलचित्रको अवार्ड 'एन्जिला' ले प्राप्त गर्दै ४ हजार अमेरिकी डलर नगद पुरस्कार जित्यो। 'तेल भिसा' का निर्देशक शंकर घिमिरे उत्कृष्ट निर्देशक घोषित हुँदै २ हजार अमेरिकी डलर प्राप्त गर्न सफल भए।

यस्तै, 'छक्का पञ्जा' का दीपकराज गिरी उत्कृष्ट अभिनेता तथा 'कबी ४' की मिरुना मगर उत्कृष्ट अभिनेत्री घोषित भए। दुवैले जनही १ हजार अमेरिकी डलर पुरस्कार प्राप्त गरे।

प्राविधिकतर्फ 'महाजात्रा' का पुरुषोत्तम प्रधान उत्कृष्ट छायाकार र बनिष शाह र विकास दाहाल 'हस्टेल ३' उत्कृष्ट सम्पादन विधामा पुरस्कृत भए। दुवै विधाका विजेतालाई १-१ हजार अमेरिकी डलर प्रदान गरिएको थियो।

समारोहमा नेपाल-चीन चलचित्र सहकार्यलाई सुदृढ बनाउन योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वलाई पनि विशेष सम्मान गरिएको थियो। फेस्टिभलका मुख्य प्रायोजक तथा गुवाङझाउ सिगुआङयुन टेक्नोलोजीका अध्यक्ष लि हान (ीष ज्बल) लाई विशेष सम्मान प्रदान गरियो। साथै, नेपाल-चीनबीच चलचित्रमार्फत सांस्कृतिक सम्बन्ध विस्तारमा योगदान पुऱ्याएको भन्दै चिनियाँ प्रतिनिधिमण्डलका सदस्यहरूलाई पनि सम्मान गरिएको थियो।

चिनियाँ टोलीले नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी र नेपालतर्फका फेस्टिभल अध्यक्ष करुण थापा लाई नेपाल-चीन सांस्कृतिक सहकार्यलाई नयाँ उचाइमा पुऱ्याएको योगदानको कदरस्वरूप विशेष सम्मान अर्पण गरेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै फेस्टिभलका संस्थापक अध्यक्ष लि हङ्सु (ीष ज्यलनकजग) ले कला र सिनेमाको कुनै भौगोलिक सीमा नहुने उल्लेख गर्दै नेपाल र चीनबीच चलचित्रमार्फत सांस्कृतिक आदानप्रदानलाई अझ सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरे।

नेपालतर्फका फेस्टिभल अध्यक्ष करुण थापा ले यो पहल नेपाली चलचित्रका लागि चिनियाँ सिनेमा हल र ओटीटी प्लेटफर्मसम्म पुग्ने ऐतिहासिक अवसर भएको बताए।

नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी ले चीनमा नेपाली चलचित्रप्रति देखिएको उत्साह सकारात्मक रहेको उल्लेख गर्दै निकट भविष्यमा नेपाली चलचित्रले चिनियाँ बजारमा उल्लेखनीय व्यावसायिक सफलता हासिल गर्ने विश्वास व्यक्त गरे।

समारोहका प्रमुख अतिथि वरिष्ठ अभिनेता हरिहर शर्मा को आह्वानमा उपस्थित सम्पूर्ण चलचित्रकर्मीले उठेर चिनियाँ प्रतिनिधिमण्डललाई 'स्ट्यान्डिङ ओभेसन' दिँदै सम्मान व्यक्त गरेका थिए।

यस अवसरमा चिनियाँ लगानीकर्ता तथा आयोजकहरूले नेपाली चलचित्रमा सह-उत्पादन (ऋय-उचयमगअतष्यल) र लगानी गर्ने गम्भीर रुचि व्यक्त गरेका छन्। साथै, आर्टिफिसियल इन्टेलिजेन्स (ब्क्ष) प्रविधिको प्रयोग गरी निर्माण हुने नेपाली चलचित्रलाई चीनका प्रमुख ओटीटी प्लेटफर्ममार्फत प्रदर्शन गर्ने विषयमा पनि सहकार्य अघि बढाउने सहमति भएको आयोजकले जनाएको छ।

आयोजकका अनुसार 'नेपाल एभरेस्ट फिल्म फेस्टिभल' आगामी संस्करणहरूमा अझ विस्तारित स्वरूपमा आयोजना गरिनेछ भने पुरस्कार राशि र अन्तर्राष्ट्रिय सहभागिता पनि थप वृद्धि गरिने योजना रहेको छ।

# 'मिसेस नेपाल वर्ल्ड'को आवेदन खुला




**काठमाडौं (प्रस)–** विवाहित महिलाहरूको क्षमता प्रदर्शन र सशक्तीकरणको क्षेत्रमा क्रियाशील सौन्दर्य प्रतियोगिता 'मिसेस नेपाल वर्ल्ड' को नयाँ संस्करण २०२६ को औपचारिक घोषणा गरिएको छ। आयोजक रिबन इन्टरटेनमेन्टले काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै प्रतियोगिताको आवेदन खुला भएको र आगामी साउन २३ गतेबाट छनोट प्रक्रिया सुरु हुने जानकारी दिएको हो।

सन् २०१४ देखि निरन्तर आयोजना हुँदै आएको यस प्रतियोगिताले यस वर्षबाट अन्तर्राष्ट्रिय फ्रेन्चाइजका रूपमा 'मिसेस कस्मो' विधालाई पनि समेटेको छ। मिसेस कस्मो म्यानमारको आधिकारिक नेपाली फ्रेन्चाइजका रूपमा यो विधा यसै संस्करणबाट थप गरिएको आयोजकले जनाएको छ।

आयोजक संस्था रिबन इन्टरटेनमेन्टका अध्यक्ष तथा पेजेन्ट डाइरेक्टर निशुकान्त झाका अनुसार प्रतियोगिताको पहिलो चरणको अडिसन आगामी साउन २३ गते दिउँसो साढे १२ बजेदेखि नयाँ बानेश्वरस्थित आर्य इन्टरनेसनल होटलमा हुनेछ। प्रतियोगिताको ग्रान्ड फिनाले आगामी कात्तिक १४ गतेका लागि तय गरिएको छ।

प्रतियोगितामा २१ देखि ५० वर्ष उमेर समूहका विवाहित नेपाली महिलाहरूले सहभागिता जनाउन सक्नेछन्। सहभागी हुन चाहनेका लागि उचाइ र तौलको कुनै सीमा तोकिएको छैन। यस प्रतियोगितामा विवाहितका साथै सम्बन्धविच्छेद भएका वा एकल महिलाहरूले समेत प्रतिस्पर्धा गर्न पाउनेछन्। इच्छुक प्रतिस्पर्धीहरूले 'खल्ती' एप वा रिबन इन्टरटेनमेन्टको आधिकारिक वेबसाइटमार्फत आवेदन दिन सक्नेछन्।

कार्यक्रममा बोल्दै राष्ट्रिय निर्देशक तथा कोरियोग्राफर अश्विनीकान्त झाले विवाहपछि पनि महिलाहरूको सपनाको अन्त्य नहुने र उनीहरूलाई नयाँ पहिचान दिलाउन यो मञ्चले सेतुको काम गर्ने बताए। उनले छनोट भएका प्रतिस्पर्धीहरूलाई ४५ दिनसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षकहरूबाट विशेष तालिम प्रदान गरिने समेत जानकारी दिए।

कार्यक्रममा मिसेस नेपाल वर्ल्ड २०२५ की विजेता रक्षा पन्त (आईटी इन्जिनियर) र मिसेस नेपाल इन्टरनेसनल २०२५ की विजेता सञ्जु भट्ट (प्याथोलोजिस्ट) ले आफ्नो अनुभव साझा गर्दै यो मञ्चले आत्मविश्वास र व्यक्तित्व विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताए। काठमाडौंबाहिर पोखरा, इटहरी र विराटनगर जस्ता सहरहरूमा पनि छनोट प्रक्रिया अघि बढाइने जनाइएको छ। प्रतियोगिताको मुख्य विजेताले 'मिसेस नेपाल वर्ल्ड' को ताजका साथै अमेरिकामा हुने 'मिसेस वर्ल्ड' मा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाउनेछन्। त्यस्तै अन्य विजेताहरूले 'मिसेस नेपाल इन्टरनेसनल' र 'मिसेस नेपाल कस्मो' को उपाधिसहित अन्तर्राष्ट्रिय मञ्चमा प्रतिस्पर्धा गर्नेछन्।

रंगशाला

# 'स्पोर्ट्स्' अवार्ड भदौ तेस्रो साता

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को आयोजनामा हुने 'एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८२' आगामी भदौमा हुने भएको छ।

तेइसौं संस्करणको सो अवार्ड भदौ १८ गते हुने मञ्चद्वारा बुधबार आयोजित कार्यक्रममा अध्यक्ष निरञ्जन अधिकारीले जानकारी दिए। अवार्डका लागि मञ्चले मुख्य प्रायोजक गोल्छा ग्रुपसँग सम्झौता नवीकरण गरेको छ। गोल्छा ग्रुप लगातार १९औं पटक अवार्डसँग जोडिएको हो। दुवैबीच गत वर्ष पाँच वर्षका लागि सम्झौता भएको थियो।

सम्झौतापत्रमा मञ्चका अध्यक्ष अधिकारी र गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छाले हस्ताक्षर गरे। हस्ताक्षरपछि निर्देशक गोल्छाले नेपाली खेलकुदको स्तरवृद्धि गर्न आफूहरू निरन्तर लागिपरेको बताए। मञ्चका अध्यक्ष अधिकारीका अनुसार 'पल्सर स्पोर्ट्स अवार्ड २०८२' मा विभिन्न नौ विधामा अवार्ड प्रदान गरिने छ।

वर्षका उत्कृष्ट खेलाडी (पुरुष), वर्षका उत्कृष्ट खेलाडी (महिला), युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड प्रदान गरिने छ।

यस्तै वर्ष खेलाडी (पुरुष), महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस विधाको मनोनयन केही दिनमै सार्वजनिक गरिने मञ्चका महासचिव अञ्जन खड्काले जानकारी दिए। त्यस्तै लाइफटाइम, स्पेसल, पारा एथलिट र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड विधाको विजेताको घोषणा अवार्डकै दिन गरिनेछ। भोटिङमार्फत हुने भएकाले पिपल्स च्वाइस विधाको मनोनयन छिट्टै सार्वजनिक गरिने उने बताए।

वर्ष खेलाडी पुरुष, महिला, पिपल्स च्वाइस, प्रशिक्षक र युवा विधाका विजेतालाई पल्सर मोटरसाइकल प्राप्त गर्नेछन्। अन्य विधाका विजेता तथा सम्मानितलाई जनही रु एक लाख प्रदान गरिनेछ। गत वर्ष पुरुषतर्फ क्रिकेटका दीपेन्द्रसिंह ऐरी, महिलातर्फ करातेकी एरिका गुरुङ, युवातर्फ क्रिकेटकी पुजा महतो र प्रशिक्षकतर्फ पारा तेक्वान्दोका कविराज नेगी लामाले अवार्ड जितेका थिए। सर्वाधिक मत ल्याएर पिपल्स च्वाइसको अवार्ड भलिबलका हिमाल सुनारीले जितेका थिए।

स्पेसल अवार्डबाट तेक्वान्दोका तुलसीकुमार गुरुङ, पारा एथलिट सम्मानबाट प्रभा आङदेम्बे, एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्डबाट बगलादेशका पत्रकार राना हसन र लाइफटाइम एचिभमेन्ट अवार्डबाट खड्ग रानाभाट सम्मानित भएका थिए।

# एसियाड तयारीका लागि पुरुष कबड्डी टोली भारत जाँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** जापानमा आयोजना हुने २० औं एसियाली खेलकुद प्रतियोगिताको तयारी गर्न नेपाली पुरुष कबड्डी टोली बिहीबार भारतको हरियाणा जाने भएको छ। प्रशिक्षणमा सहभागी हुने खेलाडी घनश्याम रोका मगर, अंकु पुन, आदित चौधरी, प्रकाश गिरी, सुरज बोहरा, संस्कार कुमार, रवि थारु, अशोक जोशी, सागर यादव, कुमार लामा, गणेश पार्की र करुण रसाइली रहेका छन्।

घनश्याम, अंकु, रवि र करुण भारतमै प्रशिक्षणमा छन्। घनश्याम हरियाणामै छन् भने बाँकी तीन खेलाडी हिमाचल प्रदेशमा छन्। उनीहरू त्यत्तैबाट टिमसँग समावेश हुने छन्। प्रशिक्षकमा विष्णु दत्त भट्ट, सहायक प्रशिक्षकमा कल्याण भुजेल र व्यवस्थापकमा पर्शुराम ओली छन्। व्यवस्थापक ओली भने केही दिनपछि जाने छन्।

खेलाडीले हरियाणास्थित सनदीप नरवाल एकेडेमीमा एक महिना प्रशिक्षण गर्नेछन्। त्यसपछि टोली प्रशिक्षणकै लागि थाइल्यान्ड जाने कार्यक्रम पनि रहेको अखिल नेपाल कबी संघका महासचिव अरविन्दकुमार झाले बताए। 'यदि चाइनिज ताइपेइ पनि थाइल्यान्ड आयो भने मात्र हाम्रो टोली थाइल्यान्ड जान्छ। त्यहाँ हामीसहित तीन राष्ट्रको अभ्यास खेल हुन्छ।

ताइपेइ थाइल्यान्ड नगएको खण्डमा हामी भारतकै जयपुर र उत्तरप्रदेशमा प्रशिक्षणलाई निरन्तरता दिने छौं। भारतमा विभिन्न स्थानिय टोलीसँग अभ्यास खेल पनि खेल्छौं', तयारीबारे स्पष्ट पार्दै महासचिव झाले भने।

टोली प्रशिक्षणस्थलबाटै आगामी असोज ३ देखि १८ गतेसम्म हुने एसियाली खेलकुदमा सहभागी हुन जापान जाने छ। एसियाली खेलकुदमा नेपाली पुरुष कबड्डी टोलीको यो पाँचौं सहभागिता हुनेछ। यसअघि पुरुष टोलीले १९९० मा चीन, १९९४ मा जापान, १९९८ मा थाइल्यान्ड र २०१८ मा इन्डोनेसियामा भएको एसियाली खेलकुदमा सहभागिता जनाएको थियो।

नेपाली महिला कबड्डीले पनि २० औं एसियाली खेलकुदमा सहभागिता जनाउने छ। महिला टोली दोस्रोपटक यस प्रतियोगितामा सहभागी हुन लागेको हो। चीनको हाङझावमा भएको १९ औं एसियाली खेलकुदमा महिला टोलीले पहिलोपटक सहभागिता जनाएको थियो। पहिलो सहभागितामै महिला टोलीले ऐतिहासिक कास्य पदक जितेको थियो। टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष विशाल श्रेष्ठ र कबड्डी संघकी अध्यक्ष तुलसी थापाले यहाँ आयोजित एक कार्यक्रमबीच बिदाइ गरिन्। कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष श्रेष्ठले खेलाडीलाई राम्रो तयारी गर्न सुझाउँदै एसियाली खेलकुदमा उत्कृष्ट नतिजाका लागि शुभकामना दिए।


**युएइमा रोजगार** — कम्पनी : EXODUS SKY RISE TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 333703 | चलानी नं. ६०२४७३९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 20 | 0 | 1200 | ५०,३६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Asst. Steel Fixer | 20 | 0 | 1200 | ५०,३६० | | | | | | | |
| 3 | Concrete Mason Assistant | 20 | 0 | 1200 | ५०,३६० | | | | | | | |
| 4 | Labour | 12 | 0 | 1000 | ४१,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**साउदीमा रोजगार** — कम्पनी : NAWAF SHUKRI AL-MUHSIN CAR WASH

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345179 | चलानी नं. ६०२५८५७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 5 | 0 | 1000 | ४१,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


Kapeel Manpower Pvt. Ltd.
श्रम इजाजत नं. १८५/०५७/०५८
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

**युएइमा रोजगार** — कम्पनी : NATIONAL.PAINTS FACTORIES CO.LTD.CONT.BR.L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 345346 | चलानी नं. ६०२५८५७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner I | 3 | 0 | 1000 | ४१,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Worker | 7 | 0 | 1000 | ४१,९६५ | | | | | | | |
| 3 | Office Clerk | 1 | 0 | 1000 | ४१,९६५ | | | | | | | |
| 4 | PAINTER/PAINTER BUILDING | 26 | 0 | 1500 | ६२,९४५ | | | | | | | |
| 5 | Sales Officer | 11 | 0 | 1500 | ६२,९४५ | | | | | | | |
| 6 | stevedores | 31 | 0 | 1000 | ४१,९६५ | | | | | | | |
| 7 | Storekeeper | 5 | 0 | 1000 | ४१,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


NEPAL WORLD OVERSEAS PVT.LTD
LIC No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

**मलेसियामा रोजगार** — कम्पनी : PASARAYA HWA THAI SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 330312 | चलानी नं. ६०२४४०९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 3 | 0 | 1700 | ६३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PASARAYA HWA THAI SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 337132 | चलानी नं. ६०२५०६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 2 | 0 | 1700 | ६३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PASARAYA HWA THAI SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०६ | LT. No. 337133 | चलानी नं. ६०२५०६८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 6 | 0 | 1700 | ६३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १४ गते (30th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082



क्यालिफोर्नियाको प्लेजेन्टनमा लागेको आगो नियन्त्रणका लागि हेलिकप्टरले पानी खसाल्दै । *तस्बिर: एएफपी*

# होर्मुज संकटले विश्व अर्थतन्त्रमा जोखिम बढाउने चेतावनी

**मनिला–** संयुक्त राज्य अमेरिकाका विदेशमन्त्री मार्को रुबियोले होर्मुज जलसन्धिमा नियन्त्रण कायम गर्ने र त्यहाँबाट शुल्क असुल्ने इरानको दाबीले विश्व अर्थतन्त्रमा जोखिम बढाउने र खतरनाक नजिर बस्ने चेतावनी दिएका छन् ।

फिलिपिन्सको राजधानी मनिलामा सुरु भएको दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान)का विदेशमन्त्रीहरूको बैठकलाई सम्बोधन गर्दै रुबियोले कुनै पनि देशले अन्तर्राष्ट्रिय जलमार्गमा नियन्त्रण कायम गरी शुल्क लिन वा शुल्क नतिरेमा जहाजमाथि आक्रमण गर्ने अवस्था स्वीकार्य नहुने बताए । 'यदि मध्यपूर्वमा यस्तो नजिर स्थापित भयो भने, जहाँ कुनै राष्ट्रले अन्तर्राष्ट्रिय जलमार्ग नियन्त्रण गर्ने, शुल्क लिने र त्यसको पालना नगरे जहाजमाथि कारबाही गर्ने निर्णय गर्नसक्छ भने यसले विश्वका अन्य भागमा पनि दोहोरिन सक्ने खतरनाक अवस्था सिर्जना गर्ने छ,' उनले भने ।



रुबियोले इरानले शान्ति सम्झौताअन्तर्गतका प्रतिबद्धताबाट पछि हटेको आरोप दोहोर्‍याउँदै तेहरानले अमेरिका र अन्य पक्षसँग प्रत्यक्ष तथा अप्रत्यक्ष सम्पर्कमार्फत वार्ताको प्रयास गरिरहेको बताए । यद्यपि, अमेरिकाले इरानसँग शान्ति वार्ता पुनः सुरु गर्ने तयारी गरिरहेको कुनै संकेत भने उनले दिएनन् ।

आसियान बैठकमा अमेरिका, चीन, रुस, बेलायतलगायतका देशका शीर्ष कूटनीतिज्ञहरू सहभागी भएका छन् । बैठकका क्रममा मध्यपूर्वमा जारी द्वन्द्व, ऊर्जा सुरक्षा तथा क्षेत्रीय स्थिरताका विषयमा छलफल भइरहेको छ ।

रुसी विदेशमन्त्री सर्गेई लाभरोभले अमेरिका-इरान तनावको शीघ्र समाधान आवश्यक रहेको बताए । उनले जारी द्वन्द्वले विश्व अर्थतन्त्र र ऊर्जा बजारमा असर पारिरहेको भन्दै रुस स्थिरता चाहने पक्षमा रहेको उल्लेख गरे । 'हामी यो अवस्था अन्त्य भएको हेर्न चाहन्छौं । यसले विश्व अर्थतन्त्रलाई असर गरिरहेको छ र रुस पनि विश्व अर्थतन्त्रको हिस्सा हो,' लाभरोभले भने ।

## ऊर्जा संकटप्रति दक्षिणपूर्वी एसियाको चिन्ता

अस्ट्रेलियाकी विदेशमन्त्री पेनी वोङले मध्यपूर्वमा पुनः चर्किएको द्वन्द्वप्रति चिन्ता व्यक्त गर्दै युद्धविराम र वार्ताको आवश्यकता औंल्याइन् । 'हामी यो युद्धको अन्त्य चाहन्छौं । हामी युद्धविराम चाहन्छौं, वार्ता चाहन्छौं र होर्मुज जलसन्धि खुला रहोस् भन्ने चाहन्छौं,' उनले भनिन् ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए)का अनुसार मध्यपूर्वबाट हुने ऊर्जा आयातमा उच्च निर्भरताका कारण दक्षिणपूर्वी एसिया इरान युद्धबाट उत्पन्न ऊर्जा संकटको जोखिममा परेको छ । सन् २०२५ मा एसियाली बजारहरूले होर्मुज जलसन्धि हुँदै आउने विश्वव्यापी कच्चा तेलको करिब ८० प्रतिशत र तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) को झण्डै ९० प्रतिशत हिस्सा आयात गरेका थिए ।

## चीनको प्रभावबारे क्वाड साझेदारसँग छलफल

रुबियोले अमेरिका, अस्ट्रेलिया, भारत र जापान सम्मिलित क्वाड समूहका विदेशमन्त्रीहरूसँग पनि भेटवार्ता गरे । भेटपछि जारी संयुक्त वक्तव्यमा क्षेत्रीय समुद्री सुरक्षा र अन्तर्राष्ट्रिय नियममा आधारित व्यवस्थाप्रतिको प्रतिबद्धता दोहोर्‍याइएको छ ।

जापानी विदेशमन्त्री तोशिमित्सु मोटेगीले बल प्रयोग गरी यथास्थिति परिवर्तन गर्ने कुनै पनि प्रयासको विरोध गरे । उनले दक्षिण चीन सागर र पूर्वी चीन सागरमा देखिएका गतिविधिप्रति चिन्ता व्यक्त गरे । अस्ट्रेलियाकी विदेशमन्त्री वोङले पनि अस्थिरता निम्त्याउने र जोखिमपूर्ण गतिविधिप्रति गम्भीर चासो व्यक्त गरिन् ।

दक्षिण चीन सागरमा चीनको बढ्दो गतिविधिलाई लिएर फिलिपिन्ससहितका क्षेत्रीय मुलुकहरूले लामो समयदेखि चिन्ता व्यक्त गर्दै आएका छन् । आसियान विदेशमन्त्रीहरूले विवादित जलक्षेत्रमा तनाव कम गर्न चीनसँग प्रस्तावित 'आक्रमण-रहित सम्झौता' सम्बन्धी वार्तामा भएको प्रगतिलाई स्वागत गरेका छन् ।

## रुबियो-लाभरोभ भेटमा युक्रेन युद्धबारे छलफल हुने

रुबियोले बिहीबार रुसी विदेशमन्त्री लाभरोभसँग भेटवार्ता गर्ने जानकारी दिँदै युक्रेन युद्ध अन्त्यका सम्भावनाबारे छलफल हुने बताए । उनले अमेरिका द्वन्द्व समाधानका लागि अवसर प्राप्त भए भूमिका निर्वाह तयार रहेको बताउँदै पछिल्ला महिनामा भएका प्रयासहरू कमजोर बनेको उल्लेख गरे ।

लाभरोभले भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेन युद्धसम्बन्धी सम्झौता नजिकिएको दाबीबारे रुबियोसँग छलफल गर्ने बताए ।

यसैबीच, रुबियोले भारतीय विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरसँग पनि भेटवार्ता गरेका छन् । भेटमा क्षेत्रीय सुरक्षा, इरान युद्ध तथा अमेरिका-भारत व्यापार सम्बन्धबारे छलफल भएको अमेरिकी अधिकारीले बताएका छन् । रुबियोले मनिलामा कडा सुरक्षा व्यवस्था गरिएको सम्मेलन परिसरमा चिनियाँ विदेशमन्त्री वाङ यीसँग पनि छुट्टै भेटवार्ता गरेका छन् । *रासस/एपी*

# भारतमा 'कक्रोच' आन्दोलनले बढायो सरकारमाथिको दबाब

**नयाँदिल्ली–** सामाजिक सञ्जालमा सुरु भएको व्यंग्यात्मक अभियान अहिले भारतको प्रमुख युवा आन्दोलनका रूपमा विकसित भएको छ ।

आफूलाई 'कक्रोच' (साङ्ला) भन्ने युवाहरूले शिक्षा प्रणालीका कमजोरीविरुद्ध सुरु गरेको आन्दोलनलाई सरकारी जवाफदेहिताको व्यापक अभियानमा रूपान्तरण गरेका छन् । यसलाई प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारविरुद्ध हालका वर्षमा देखिएको सबैभन्दा उल्लेखनीय सार्वजनिक चुनौतीका रूपमा हेरिएको छ ।



आन्दोलनको पृष्ठभूमिमा चिकित्सा कलेज तथा सरकारी सेवाका प्रवेश परीक्षामा प्रश्नपत्र चुहावटका घटनाप्रति बढ्दो जनआक्रोश रहेको छ । बारम्बार परीक्षा रद्द वा पुनः सञ्चालन गर्नुपर्दा लाखौं विद्यार्थी प्रभावित भएका छन् ।

मे महिनामा सर्वोच्च अदालतका न्यायाधीश सूर्य कान्तले एक सुनुवाइका क्रममा केही बेरोजगार युवालाई 'कक्रोच'सँग तुलना गरेपछि त्यसको सामाजिक सञ्जालमा व्यापक प्रतिक्रिया देखिएको थियो । त्यसपछि बोस्टन विश्वविद्यालयका विद्यार्थी अभिजित दिपकेले 'कक्रोच पिपुल्स पार्टी (सिजेपी)' गठन गरेका थिए ।

धेरै युवाले 'कक्रोच'लाई दृढता र संघर्षको प्रतीकका रूपमा अपनाए । सामाजिक सञ्जालमार्फत अभियान तीव्र गतिमा फैलिँदै लाखौं समर्थक जोडिए । समर्थकहरूले बेरोजगारी, सीमित रोजगारीका अवसर र आर्थिक दबाबबारे सरकारको आलोचना गर्दै व्यंग्यात्मक सामग्री सार्वजनिक गर्न थाले । जुनमा दिपके भारत फर्किएपछि आन्दोलन सडकमा पनि विस्तार भयो । विभिन्न सहर र विश्वविद्यालयमा विरोध प्रदर्शन आयोजना गरियो भने नयाँ दिल्लीको जन्तर-मन्तर आन्दोलनको मुख्य केन्द्र बन्यो ।

## शिक्षा सुधारदेखि सरकारी जवाफदेहितासम्म

आन्दोलनकारीले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा, परीक्षा प्रणालीमा सुधार तथा प्रश्नपत्र चुहावटसँग सम्बन्धित घटनाबाट प्रभावित विद्यार्थीका परिवारलाई क्षतिपूर्तिको माग गर्दै आएका छन् । पछिल्ला दिनमा आन्दोलन शिक्षा क्षेत्रका मुद्दाभन्दा बाहिर फैलिँदै सरकारी जवाफदेहिता, युवाको भविष्य, राजनीतिक नेतृत्व, न्यायपालिका र सञ्चारमाध्यमप्रतिको अविश्वासजस्ता विषयसँग जोडिएको छ । विद्यार्थीसँगै विभिन्न पेसाका व्यक्ति र परिवार पनि आन्दोलनमा सहभागी भएका छन् । आयोजकका अनुसार आन्दोलन स्वयंसेवकको सहयोग र सामाजिक सञ्जालमार्फत परिचालन भइरहेको छ ।

## सरकारसँग बढ्दो टकराव

सुरुमा सरकारले आन्दोलनकारीसँग वार्ता गर्न अस्वीकार गरेको थियो । शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आन्दोलनकारी राष्ट्रहितविपरीत गतिविधिमा लागेको आरोप लगाउँदै परीक्षा पुनः सञ्चालन गरेर समस्या समाधान भइसकेको दाबी गरेका थिए ।

अहिले आन्दोलन चर्किँदै गएपछि सरकारी धारणा परिवर्तन हुन थालेको देखिएको छ । सोमबार संसद्तर्फ मार्च गर्ने क्रममा प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा प्रहरीले अश्रुग्यास र लाठीचार्ज गरेको थियो । त्यसपछि सरकारका एक मन्त्रीले आन्दोलनका प्रतिनिधिसँग भेटवार्ता गरे पनि त्यसबाट विवाद समाधान हुन सकेन । मंगलबार विपक्षी नेता राहुल गान्धीले प्रधानमन्त्री निवासबाहिर धर्ना दिएपछि आन्दोलन राष्ट्रिय राजनीतिक बहसको केन्द्रमा पुगेको छ ।

## मोदी सरकारका लागि नयाँ चुनौती

विश्लेषकका अनुसार विद्यार्थी आन्दोलनका रूपमा सुरु भएको यो अभियान अहिले भारतका युवामा बढ्दो असन्तुष्टिको प्रतीक बनेको छ । दक्षिण एसियाका अन्य मुलुकमाझैँ भारतमा पनि सरकारविरोधी आन्दोलनमा युवाको भूमिका बढ्दै गएको संकेत यसले गरेको छ ।

विपक्षी दल र अधिकारकर्मीले आन्दोलनलाई लोकतान्त्रिक जवाफदेहिता र शान्तिपूर्ण विरोधको अधिकारसँग जोडेर समर्थन गरेका छन् । ३५ वर्षमुनिका करोडौं मतदाता रहेको भारतमा युवाहरूको बढ्दो असन्तुष्टिले आगामी चुनावी राजनीतिमा प्रभाव पार्न सक्ने विश्लेषण गरिएको छ । *रासस/एपी*

# अस्ट्रेलियामा दुर्लभ समान चम्ल्याहा छोरीको जन्म

**ब्रिसबेन (अस्ट्रेलिया)–** अस्ट्रेलियामा प्राकृतिकरूपमा भएको अत्यन्त दुर्लभ गर्भधारणबाट एउटै निषेचित अण्डा चार भागमा विभाजित भई समान चम्ल्याहा (चार) छोरी जन्मिएका छन् । चिकित्सकहरूका अनुसार यस्तो गर्भधारण करिब एक करोड ५० लाखमध्ये एकमा मात्र हुने सम्भावना रहने भएकाले यसलाई अत्यन्त असाधारण घटना मानिएको छ ।



क्विन्सल्यान्डस्थित रोयल ब्रिस्बेन एन्ड वुमेन्स अस्पतालमा ३४ वर्षीया जेनिटर साउ नामोनाले गत १४ जुलाईमा सिजेरियन शल्यक्रियामार्फत चार छोरीलाई जन्म दिएकी हुन् । यसअघि नै चार सन्तानकी आमा रहेकी नामोना र उनका पति जोर्थमले थप सन्तान जन्माउने योजना नबनाएका बेला चौगुना गर्भ रहेको जानकारी पाएपछि परिवार नै आश्चर्यमा परेको अस्पतालले जनाएको छ ।

नामोनाको उपचारमा संलग्न मातृ-भ्रूण विशेषज्ञ डा. एलेक्सा बेन्डलका अनुसार चारै शिशु एउटै निषेचित अण्डाबाट विकसित भएका हुन् । गर्भाधानपछि अण्डा चार भागमा विभाजित हुँदा समान चम्ल्याहा शिशुको जन्म भएको उनले बताए । उनका अनुसार यस्तो घटना विश्वमै अत्यन्त दुर्लभ मानिन्छ र अस्ट्रेलियामा यसअघि यस्तै प्रकृतिको जन्म भएको जानकारी उनीहरूसँग छैन ।

चिकित्सकीय तथ्यांकअनुसार प्राकृतिकरूपमा चम्ल्याहा गर्भधारण हुने सम्भावना करिब सात लाखमध्ये एकमात्र हुन्छ । तर एउटै निषेचित अण्डाबाट समान चम्ल्याहा (चार) शिशु जन्मिने सम्भावना अझ निकै कम रहने भएकाले यस घटनाले चिकित्सकहरूको समेत ध्यान आकर्षित गरेको छ । अधिकांश चम्ल्याहा गर्भधारण भने सहायक प्रजनन प्रविधिको प्रयोगपछि हुने गरेका छन् ।

चारै भ्रूणले एउटै प्लेसेन्टा साझा गरेका कारण नामोनाको गर्भावस्था उच्च जोखिमयुक्त थियो । यस्ता अवस्थामा समयपूर्व प्रसूति, गर्भपतन, जन्मजात समस्या तथा अन्य जटिलता देखिने जोखिम उच्च हुने भएकाले गर्भावस्थाको १०औं सातादेखि नै विशेषज्ञ चिकित्सकहरूको टोलीले उनको नियमित निगरानी गरेको थियो । २५औं सातामा उनलाई अस्पतालमै भर्ना गरी निरन्तर उपचार तथा निगरानी गरिएको थियो ।

डा. बेन्डलले २८ हप्ता चार दिनको गर्भावस्थामै चार स्वस्थ शिशुको जन्म हुनु निकै उत्साहजनक उपलब्धि भएको बताए । शल्यक्रियाका क्रममा आमामा सामान्य रक्तस्राव भए पनि अवस्था नियन्त्रणमै रहेको र अहिले उनको स्वास्थ्य राम्रो रहेको उनले जानकारी दिए ।

हाल चारै नवजात शिशुको सघन उपचार कक्ष (एनआइसियू) मा उपचार भइरहेको छ । उनीहरूको नाम एमिली, हयारिएट, क्याथरिन र एलेक्सा राखिएको छ । तीमध्ये एक शिशुको नाम आफ्नो सम्मानमा राखिएको जानकारी दिँदै डा. बेन्डलले यसलाई सुन्दर सम्मानका रूपमा लिएको बताए ।

उनले चिकित्सकीय रूपमा यो घटना अत्यन्त अध्ययनयोग्य भए पनि आफूका लागि सबैभन्दा ठूलो खुसी स्वस्थ आमासहित चार स्वस्थ शिशुलाई सुरक्षितरूपमा संसारमा ल्याउन सफल हुनु रहेको उल्लेख गरे । *रासस/एपी*

# अमेरिका-साउदी आणविक सम्झौताको तयारी

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाले साउदी अरेबियासँग नागरिक प्रयोजनका लागि आणविक ऊर्जा कार्यक्रम विकाससम्बन्धी दीर्घकालीन सम्झौता घोषणा गर्ने तयारी गरेको अमेरिकी सञ्चारमाध्यमहरूले जनाएका छन् । इरानसँगको तनाव र यमनमा हुथी विद्रोहीसँग पुनः चर्किएको द्वन्द्वबीच हुन लागेको यो सम्झौतालाई रणनीतिक महत्त्वका साथ हेरिएको छ ।

अमेरिकी सञ्चारमाध्यम न्युयोर्क टाइम्सका अनुसार ट्रम्प प्रशासनले बुधबार साउदी अरेबियासँग औपचारिकरूपमा सम्झौतामा हस्ताक्षर गरी त्यसको घोषणा गर्ने योजना बनाएको छ । पत्रिकाले नाम नखुलाइएका दुई अमेरिकी अधिकारीलाई उद्धृत गर्दै उक्त जानकारी दिएको हो ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनका अनुसार सम्झौताले अमेरिकी आणविक उद्योगका लागि अर्बौं डलरबराबरका व्यावसायिक अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ ।

वाल स्ट्रिट जर्नलका अनुसार ३० वर्षका लागि लागू हुने प्रस्तावित सम्झौताअन्तर्गत संयुक्त प्राविधिक अध्ययनले आवश्यकता देखाएमा अमेरिकी कम्पनीहरूले साउदी अरेबियामा युरेनियम संवर्धन सुविधा निर्माण गर्न सक्ने व्यवस्था रहने छ ।

तर प्रस्तावित सम्झौताप्रति अमेरिकाभित्रै मिश्रित प्रतिक्रिया देखिएको छ । दुवै प्रमुख राजनीतिक दलका केही सांसद तथा इजरायली अधिकारीहरूले साउदी अरेबियाले नागरिक प्रयोजनका नाममा भविष्यमा आणविक हतियार विकास गर्न सक्ने जोखिम रहेको भन्दै यसप्रति चिन्ता व्यक्त गरेका छन् ।

सम्झौता आगामी दिनमा अमेरिकी कंग्रेसमा पेस गरिने अपेक्षा गरिएको भए पनि त्यसलाई कार्यान्वयनका लागि कंग्रेसको औपचारिक स्वीकृति आवश्यक नपर्ने जनाइएको छ ।

यसैबीच, अमेरिका र इरानबीचको द्वन्द्व चर्किरहेका बेला इरान समर्थित यमनका हुथी विद्रोहीहरूले साउदी अरेबियाका बन्दरगाहहरू अवरुद्ध गर्ने चेतावनी दिएका छन् । सन् २०२२ को युद्धविरामपछि पहिलो पटक गत साता साउदी सेना र हुथी विद्रोहीबीच पुनः गोली हानाहान भएको थियो । फेब्रुअरीको अन्त्यमा इजरायल र संयुक्त राज्य अमेरिकाले इरानमाथि आक्रमण गरेयता क्षेत्रीय तनाव फेरि तीव्र बनेको छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९१००० | प्रति तोला – ० | प्रति तोला – ४४८० |



**पर्यटकीय ढोरपाटन |** देशको एकमात्र सिकार आरक्ष रहेको बागलुङस्थित ढोरपाटन उपत्यकाको घाँसे मैदानमा चरिरहेका घोडा। ढोरपाटन घुम्न जाने पर्यटकलाई स्थानीय व्यवसायीले घोडा सवार गराउने गरेका छन्। *तस्बिरः राम थापा/रासस*

## 'हस्तकलामार्फत रोजगारी सिर्जना गर्न सरकार प्रतिबद्ध'

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले हस्तकला व्यवसायसम्बन्धी नीति निर्माण, हस्तकला व्यवसायको संरक्षण, रोजगारी सिर्जना र हस्तकलाको पुस्तान्तरण गर्ने विषयमा सरकार प्रतिबद्ध रहेको बताएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार आयोजित छलफलमा प्रधानमन्त्री शाहले सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडलमा हस्तकला विकास बोर्ड गठन गर्नुपर्ने मागप्रति सरकार सकारात्मक रहेको बताए।

छलफलका क्रममा नेपाल हस्तकला व्यवसायी महासंघका प्रतिनिधिहरूले हस्तकला व्यवसायको विकास, विस्तार र संरक्षणका लागि सरकारसँग सहकार्य गर्न आफूहरू तयार रहेको स्पष्ट पारेका थिए।

प्रधानमन्त्री शाहले बुधबार उनीहरूलाई छलफलका लागि बोलाएका हुन्। वर्तमान सरकारले हस्तकला व्यवसायलाई प्राथमिकता दिएको आफूहरूलाई महसुस भएको भन्दै सरकारसँग कुनै पनि किसिमको सहकार्य गर्न तयार रहेको महासंघका प्रतिनिधिहरूले बताएका थिए।

अहिलेसम्म महासंघले मङ्सिर २८ मा आफ्नै ढंगले हस्तकला दिवस मनाइरहेका अवस्थामा अब राष्ट्रिय स्तरमा मनाउनुपर्ने महासंघका पदाधिकारीले माग गरेका थिए। दिवस मनाउने विषयमा तत्कालै गृह मन्त्रालयसँग समन्वय गर्न आफ्नो टिमलाई निर्देशन प्रधानमन्त्रीले निर्देशन दिएका थिए।

यस्तै, हस्तकला सामग्री निर्यात अहिलेसम्म स्वघोषणामा भइरहेकामा त्यसको साटो बिजक मूल्यांकन अनिवार्य गर्दा राजस्व वृद्धिमा सहयोग पुग्ने पदाधिकारीको सुझावअनुसार काम गरिने पनि प्रधानमन्त्री शाहले आश्वस्त पारे। हस्तकला सामग्री निर्यात गर्दा पाउनुपर्ने सोको पाँच प्रतिशत रकम तीन वर्षयता रोकिएकामा प्रधानमन्त्री शाहले त्यसलाई पुनः निरन्तरता दिने विषयमा पनि आश्वस्त हुन व्यवसायीलाई आग्रह गरेका थिए।

हस्तकलाको वस्तु उत्पादन र विकासका लागि उद्योग विभागमा सार्क हस्तकला विकास केन्द्रको भवन निर्माण भइसके पनि त्यहाँ अरु नै कार्यालय रहेकामा त्यो कार्यालय आफूहरूलाई फिर्ता हुनुपर्ने माग पदाधिकारीले राखेका थिए।

यस्तै, उपत्यकामा हस्तकला ग्राम खडा गर्ने र सातै प्रदेशमा हस्तकलासम्बन्धी सीप प्रशिक्षण केन्द्र खोल्ने विषयमा प्रधानमन्त्री शाहले विशेष चासो देखाएका छन्।

परम्परागत सीप कलालाई जगेर्ना गर्ने र हस्तकलाकर्मीलाई परिचयपत्र दिनुपर्नेलगायत पदाधिकारीले विभिन्न माग राखेका थिए। छलफलमा महासंघका अध्यक्ष रविन्द्र शाक्य, वरिष्ठ उपाध्यक्ष राजमान बज्राचार्य, उपाध्यक्ष किरण कुमार स्थापित, सल्लाहकार विकास रत्न ढाक्वा र शीर्ष निर्यातकर्ता महेश्वर श्रेष्ठ सहभागी थिए।

## कोलकत्ता-विराटनगर रेल सेवाः उद्योगी र व्यापारी हर्षित

■ प्रभाव संवाददाता

**विराटनगर–** विराटनगरका उद्योगी व्यवसायीले भारतको कोलकत्ताबाट विराटनगरस्थित एकीकृत जाँचचौकीसम्म कार्गो रेल सेवा सञ्चालनमा आएसगै तेस्रो मुलुकबाट आयात हुने सामाग्रीको ढुवानी लागत र समय दुवै कम हुने विश्वास व्यक्त गरेका छन्।

भारत र तेस्रो मुलुकबाट नेपाली उद्योगका लागि आयत गरिन कच्चा पदार्थलगायतका सामाग्री सडक मार्गको तुलनामा रेलमार्फत ल्याइदा ढुवानी खर्चमा ३५ देखि ४० प्रतिशतसम्म बचत हुने उनीहरूको भनाइ छ। मोरङ व्यापार संघका अध्यक्ष अनुपम राठीका अनुसार रेलमार्फत सामान आयात गरिदा लागत मात्र नभइ समय पनि ठूलो बचत हुने बताए।

उनले सबै कन्टेनरमा जडित विद्युतीय कार्गो ट्र्याकिङ सिस्टम (इसिटीएस)का कारण सामान सुरक्षित रहने, बाटोमा हुने चोरी वा क्षतिको जोखिम अन्त्य हुने, सामान तथा रेलको निगरानी मोबाइलबाटै गर्न सकिने बताए। कोलकत्ताबाट ३५० किलो मिटरको दूरी पार गर्दै आएको कार्गो रेल गत आइवार विराटनगरस्थित वन्दरगाहमा आइपुगेको थियो।

रेलमा ल्याइएको सामान उताररे उक्त सेवाको शुभारम्भ गरिएको घोषणा भने मंगलबार गरिएको हो। अध्यक्ष राठीले रेल सञ्चालनमा आएपछि बन्दरगाहमा लाग्ने विलम्बलगायतका शुल्क घट्ने हुँदा नेपाली उद्योगी-व्यवसायीलाई बहुआयामिक लाभ प्राप्त हुने विश्वास व्यक्त गरे।

आगामी दिनमा उक्त सेवाको निरन्तरताले नेपालमा उत्पादिन सामाग्री भारत र तेस्रो मुलुक निर्यात गर्न समेत सस्तो र छिटो हुने अपेक्षा गरिएको छ।

पछिल्लो समय कार्गो रेलका लागि विराटनगरमै कार्यालय खोलेर कन्टेनर समेत उपलब्ध गराउन थालेपछि नेपाली उद्योगको अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता समेत सुदृढ हुने विश्वास गरिएको छ।

मोरङ-सुनसरी औद्योगिक करिडोरका उद्योगी-व्यवसायीको वर्षौंदेखिको सपना पछिल्लो प्रयासले हर्षित तुल्याएको उद्योगी व्यवसायिको भनाइ छ।

नेपाल र भारत सरकारका निकायसमक्ष संघले उद्योगका लागि आवश्यक पर्ने सबै प्रकारका कच्चा पदार्थ कन्टेनर कार्गोमार्फत विराटनगर ल्याउन पाउने व्यवस्था मिलाउन माग गर्दैआएको थियो।

दुवै देशका सरकारले त्यस सम्बन्धि नीतिगत र कानुनी जटिलता फुकाइदिएपछि कोलकाता-विराटनगर सीधा कार्गो रेल सेवा सञ्चालनमा आएको छ।

संघका उपाध्यक्ष अनिलकुमार साह र महासचिव सञ्जयकुमार श्रेष्ठले विराटनगरसम्म कार्गो रेल आउदा भविष्यमा उद्योग र व्यापारमा लगानी गर्न चाहने उद्योगी/व्यापारीलाई लाभदायक हुने बताए। संघका पूर्वअध्यक्ष नवीन रिजालले उद्योगी र व्यापारी आवाज र प्रयासलाई मूर्तरूप दिएको भनी नेपाल सरकारलाई धन्यवाद ज्ञापन गरे।

## बजेट कार्यान्वयनमा कडाइ गर्न अर्थ मन्त्रालयद्वारा ४७ बुँदे मार्गदर्शन जारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न अर्थ मन्त्रालयले सबै मन्त्रालय, आयोग, सचिवालय तथा निकायलाई ४७ बुँदे बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन जारी गरेको छ।

गत सोमबार जारी मार्गदर्शनमा बजेट तथा कार्यक्रमलाई तोकिएको समयसीमाभित्र कार्यान्वयन गरी पुँजीगत खर्चको प्रभावकारिता बढाउन, स्रोत-साधनको मितव्ययी उपयोग गर्न तथा विकास आयोजनाको प्रगति नियमित रूपमा अनुगमन गर्न निर्देशन दिएको छ।

मार्गदर्शनअनुसार सबै मन्त्रालय तथा निकायले स्वीकृत कार्यक्रम र बजेटलाई लाइनमिनिस्ट्री बजेट इन्फर्मेसन सिस्टम (एलएमबिआईएस)मा समयमै अद्यावधिक गर्नुपर्ने, खरिद योजना तथा वार्षिक कार्ययोजना सुरुमै तयार गरी कार्यान्वयनमा लैजानुपर्ने तथा आयोजना कार्यान्वयनमा देखिने समस्या समयमै समाधान गर्नुपर्ने छ।

बजेट विनियोजनको उद्देश्यअनुसार मात्र खर्च गर्न, फजुल खर्च नियन्त्रण गर्न, सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक, पारदर्शी र समयबद्ध बनाउन तथा विकास आयोजनाको भुक्तानी कार्यसम्पादनका आधारमा गर्न निर्देशन दिइएको छ।

मार्गदर्शनमा राजस्व संकलनलाई प्रभावकारी बनाउन, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोगमा ध्यान दिन तथा आर्थिक अनुशासन कायम गर्न सम्बन्धित निकायलाई विशेष निर्देशन दिइएको छ।

अर्थ मन्त्रालयले आयोजना तथा कार्यक्रमको नियमित अनुगमन, प्रगति समीक्षा र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन पनि जोड दिएको छ। मन्त्रालयका अनुसार बजेट कार्यान्वयनमा देखिने ढिलाइ, कमजोर खर्च क्षमता तथा लक्ष्यअनुसार उपलब्धि हासिल गर्न नसक्ने अवस्थालाई सुधार गर्ने उद्देश्यले मार्गदर्शन जारी गरिएको हो।

## ऊर्जा विकासका लागि तीनै तहका सरकारबीच समन्वय बढाइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको विकासका लागि नीतिगत सामञ्जस्यता कायम गर्दै अगाडि बढ्ने विषयमा बृहत्तर छलफल भएको छ। त्यसका लागि तीन तहका सरकारबीच समन्वय सुदृढ गर्ने विषयमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको विषयगत समितिको बैठकमा महत्वपूर्ण छलफल भएको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री तथा विषयगत समितिका अध्यक्ष विराज भक्त श्रेष्ठको अध्यक्षतामा मंगलबार बसेको बैठकमा संघीयताको मर्मअनुसार ऊर्जा, जलस्रोत, सिँचाइ तथा खानेपानी क्षेत्रको विकासका लागि नीतिगत सामञ्जस्यता कायम गर्दै आपसी समन्वय कायम गर्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। बैठकमा लुम्बिनी प्रदेशका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री डिल्लीराज भुसाल, बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री कृष्णकुमार तामाङ, कोशी प्रदेशका खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री तिलचन पाठक तथा धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमाल सहभागी थिए।

बैठकमा जल तथा ऊर्जा आयोग सचिवालयका सचिव सरजुकुमार वैद्य, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडी, मन्त्रालयका सहसचिवहरू, विभिन्न प्रदेशका मन्त्रालयका सचिव, विद्युत् विकास विभाग तथा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक र नेपाल विद्युत् प्राधिकरणका कामु कार्यकारी निर्देशकलगायतको सहभागिता थियो।

बैठकमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक, २०८३ सम्बन्धमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले कार्यपत्रसहित प्रस्तुति गरेका थिए। यस्तै, जलस्रोत विधेयक सम्बन्धमा मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यले आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए।

बैठकमा जलस्रोत र ऊर्जाको क्षेत्रमा अवसरको न्यायोचित बाँडफाँड गर्दै संघ प्रदेश र स्थानीय तहबीच समन्वय थप सुदृढ बनाउने, जलस्रोतको सदुपयोगलाई प्रोत्साहन गर्ने विषयमा छलफल भएको थियो। यस्तै, जलस्रोतको दुरूपयोगलाई निरुत्साहित गर्ने निर्णय बैठकले गरेको छ। जलस्रोतलाई केवल वस्तुका रूपमा नभई बहुआयामिक महत्वका स्रोतका रूपमा उपयोग गर्नुपर्नेमा पनि जोड दिइएको थियो।

त्यसैगरी, जल तथा ऊर्जा आयोगलाई संस्थागत स्मरणलाई थप विकास गर्दै ज्ञान केन्द्र (नलेज सेन्टर) का रूपमा विकास गर्ने, खडेरी, भूमिगत जलस्रोतको अत्यधिक दोहन तथा पानीको पुनर्भरण अभावलाई ध्यानमा राखी 'वाटर अडिट' गर्ने विषयमा पनि साझा धारणा बनेको छ।

बैठकले जलस्रोत नियमनलाई थप प्रभावकारी बनाउन आवश्यक कानुनी तथा नीतिगत सुधार गर्ने, अर्थ मन्त्रालयको सहमतिमा 'रिभर बेसिन मास्टरप्लान' कार्यान्वयन अघि बढाउने तथा सञ्चार र समन्वयलाई केन्द्रीकृत राख्दै अधिकारलाई पूर्ण रूपमा विकेन्द्रीकरण गर्ने नीति अवलम्बन गर्ने निर्णय गरेको छ। यस्तै, जलस्रोत र सिँचाइ क्षेत्रमा परम्परागत तथा आदिवासी ज्ञान, सीप र आधुनिक वैज्ञानिक प्रविधिलाई समायोजन गर्दै जनचेतनामूलक कार्यक्रमलाई सरकारी नीति तथा कार्यक्रममा निरन्तर समावेश गरिने उल्लेख छ।

बैठकमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयकले ऊर्जा मिश्रण, विद्युत् चुहावट नियन्त्रण तथा सामाजिक न्याय प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिएको थियो। बैठकका सहभागीहरूले संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको एकीकृत विकास अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

## जनकपुरमा छ अर्ब छ करोड ७८ लाख राजस्व संकलन

**जनकपुरधाम (प्रस)–** बजारमा देखिएको आर्थिक तरलताका बाबजुद आन्तरिक राजस्व कार्यालय जनकपुरधाम, धनुषाले आर्थिक वर्ष २०८२/८३ मा रु छ अर्ब छ करोड ७८ लाख ८८ हजार राजस्व संकलन गरेको छ।

आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ताका अनुसार विभिन्न अभियानमार्फत पुरानो बक्यौता असुली र बजार अनुगमनलाई तीव्रता दिएपछि लक्ष्यको ८८ दशमलव ४९ प्रतिशत राजस्व संकलन भएको हो। आव २०८२/८३ मा सो कार्यालयले अन्तशुल्कतर्फ रु दुई अर्ब ५५ कारेड सात लाख ३० हजार, आयकरतर्फ रु दुई अर्ब छ करोड ८२ लाख एक हजार र मूल्यअभिवृद्धि करतर्फ रु एक अर्ब २८ करोड ४० लाख ९९ हजार राजस्व संकलन गरेको छ।

यस्तै ब्याजकरतर्फ रु सात करोड ७८ लाख तीन हजार, बहालकरतर्फ रु पाँच करोड २५ लाख ३७ हजार, स्वास्थ्य जोखिम करतर्फ रु चार लाख ३१ हजार र अन्यतर्फ तीन करोड ४० लाख ८७ हजार राजस्व संकलन भएको प्रमुख गुप्ताले बताए।

कार्यालयले अघिल्लो आव २०८१/८२ मा रु चार अर्ब ८८ करोड राजस्व संकलन गर्ने लक्ष्य लिएकामा रु चार अर्ब ९० करोड संकलन गरेको थियो। प्रमुख गुप्ताका अनुसार आव २०८२/८३ मा रु छ अर्ब ८५ करोड ७२ लाख ५५ हजार राजस्व संकलन गर्ने वार्षिक लक्ष्य थियो।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ